धितोपत्र सम्बन्धी ऐन, २०६३ र सामूहिक लगानी कोष नियमावली, २०६७ बमोजिम
नेपाल धितोपत्र बोर्डमा दर्ता भएको **नबिल म्युचुअल फण्ड** अन्तर्गत सञ्चालन हुने

नबिल ब्यालेन्सड् फण्ड ३

(Nabil Balanced Fund III)

को

विवरण पुस्तिका

(सामूहिक लगानी कोष नियमावली, २०६७ को व्यवस्था बमोजिम जारी गरिएको)

प्रति इकाई मूल्य रु १०/– दरको १०,००,००,००० (दश करोड) इकाई मध्ये बीज पूँजी वापत न्यूनतम १,५०,००,००० (एक करोड पचास लाख) वा कुल बिक्री भएको इकाई सङ्ख्याको न्यूनतम १५ (पन्ध्र) प्रतिशत इकाई मध्ये कोष प्रवर्द्धक श्री नबिल बैंक लिमिटेडका लागि १४ प्रतिशत वा न्युनतम १,४०,००,००० (एक करोड चालीस लाख) इकाई तथा योजना व्यवस्थापक श्री नबिल इन्भेष्टमेण्ट बैंकिङ्ग लिमिटेडलाई १ प्रतिशत वा न्युनतम १०,००,००० (दश लाख) इकाई सुरक्षित राखी बाँकी न्यूनतम ८,५०,००,००० (आठ करोड पचास लाख) इकाई यस विवरण पुस्तिकाको शर्तानुसार सार्वजनिक रुपमा बिक्रीका लागि खुल्ला गरिनेछ ।

कोष प्रवर्द्धकले यस योजनाद्वारा बिक्री गर्ने कुल इकाई रकमको १४ प्रतिशत तथा योजना व्यवस्थापकले १ प्रतिशत रकम बीज पूँजीको रुपमा लगानी गर्नेछ ।

योजनाको किसिम	बन्दमुखी ।
योजनाको अवधि	१० वर्ष ।
योजना परिपक्व हुने	इकाई बाँडफाँट भएको मितिले १० वर्ष ।
कोष प्रबद्धकको रेटिङ्ग	**"[ICRANP-IR] AA-; Reaffirmed"** - यसले संस्था समयमा नै वित्तिय दायित्व पुरा गर्ने सम्बन्धमा पर्याप्त मात्रामा सुरक्षित (High degree of safety regarding timely servicing financilal obligations) रहेको भन्ने जनाउँछ । यस्ता संस्थामा कर्जाहरुको जोखिम ज्यादै न्यून (Very Low Credit Risk) भन्ने आधार जनाउँदछ । उक्त रेटिङ्ग प्राप्त गरेको मिति : भाद्र २५,२०७७ र यसको वैधता एक वर्ष रहनेछ ।
योजन व्यवस्थापकको रेटिङ्ग	**"[ICRANP] AMC Quality 3+ (AMC3+); Reaffimed"-** जसले सम्पत्ति वा कोषको उचित व्यवस्थापनको पर्याप्त आधार (Adequate Assurance on Management Quality) रहेको जनाउदछ । उक्त रेटिङ्ग प्राप्त गरेको मिति : पौष १३ ,२०७७ र यसको वैधता एक वर्ष रहनेछ ।
नेपाल धितोपत्र बोर्डबाट विवरण पुस्तिका स्वीकृत भएको मिति	२०७८/०४/२९
बोर्डमा योजना दर्ता मिति	
इकाई बिक्री खुल्ला हुने मिति	२०७८/०५/२५
इकाई बिक्री बन्द हुने मिति (छिटोमा)	२०७८/०५/२९ गते (बैंकिंग समय पश्चात्) ।
इकाई बिक्री बन्द हुने मिति (ढिलोमा)	२०७८/०६/०८ गते (बैंकिंग समय पश्चात्) ।
आवेदन दिनुपर्ने न्यूनतम इकाई सङ्ख्या	१०० (एक सय) आवेदन साथ भुक्तानी गर्नुपर्ने रकम : प्रति इकाई मूल्य रु १०/–
आवेदन दिन पाउने अधिकतम इकाई सङ्ख्या	१,००,००,००० (एक करोड) आवेदन साथ भुक्तानी गर्नुपर्ने रकम : प्रति इकाई मूल्य रु १०/–
आवेदन साथ भुक्तानी गर्नुपर्ने रकम	शत् प्रतिशत् ।

पुनश्च : बिक्री आव्हान गरिएको सम्पूर्ण इकाईका लागि आवेदन पर्न आए पश्चात् न्यूनतम अवधि व्यतित भएपछि सूचना प्रकाशित गरी इकाई बिक्री बन्द गरिनेछ ।

कोष प्रबर्द्धक

नबिल बैंक लिमिटेड
नबिल सेन्टर, बिणा मार्ग, दरबार मार्ग, काठमाडौँ
फोन नं. ०१४२२१७१८, ०१४२२७१८१
फ्याक्स नं. ०१४२२६९०५
Email: info@nabilbank.com
URL: www.nabilbank.com

कोष सुपरिवेक्षकहरुको विवरण :

१.सि.ए. मदन कृष्ण शर्मा - ३० वर्षभन्दा बढीको व्यावसायिक अनुभव । ठेगाना: बालुवाटार, काठमाडौँ, ३ ।
२.प्राध्यापक डा. फत्त बहादुर के.सी - पूर्व अध्यक्ष बिमा समिति, शिक्षण तथा अनुसन्धानमा ३६ वर्षभन्दा बढीको अनुभव । ठेगाना: ५४१, डिल्लीबजार, काठमाडौँ २९ ।
३.प्राध्यापक डा.देवी प्रसाद शर्मा बिडारी - शिक्षण तथा अनुसन्धानमा ३७ वर्षभन्दा बढीको अनुभव । ठेगाना: झापा,घैलाडुब्बा ६ ।
४.श्री देब बहादुर बोहोरा - पूर्व प्रशासक (उप महालेखा परिक्षक), महालेखा परिक्षकको कार्यालय । ठेगाना: देहिमाण्डौ, बैतडी ।
५.श्री नवीन कुमार वर्मा - शिक्षण तथा कानुन व्यवसायमा २९ वर्षभन्दा बढीको अनुभव । ठेगाना: १४१, सरस्वती थान मार्ग, गैह्रीधारा , काठमाडौँ ।

योजना व्यवस्थापक

(निष्काशन तथा बिक्री प्रवन्धकको कार्यसमेत गर्ने)
NABIL INVESTMENT BANKING LTD.
(A Subsidiary of Nabil Bank Ltd.)
नबिल इन्भेष्टमेन्ट बैंकिङ्ग लिमिटेड
रजिष्टर्ड कार्यालय: का.म.न.पा, काठमाडौँ
फोन नं.– ०१४४११६०४, ०१४४११७३३
फ्याक्स नं.-९७७ ०१ ४४१०५५४
Email : info@nabilinvest.com.np
URL: www.nabilinvest.com.np

यस विवरण पुस्तिकाले योजनाको गुणस्तर वा प्रतिफलको निश्चितताको प्रत्याभूति गर्दैन । कृपया लगानी गर्नु भन्दा अगाडी विवरण पुस्तिका राम्रोसँग पढ्नु होला ।

२.१ विषय सूची

क्र.सं.	विवरण	पृष्ठ
२.२	विवरण-पुस्तिकामा प्रयोग भएका प्राविधिक तथा अन्य शब्दावलीको परिभाषा	३
२.३	विवरण-पुस्तिका तथा निवेदन प्राप्त गर्ने र निवेदन बुझाउने स्थानहरु	३
२.४	विवरण-पुस्तिकामा उल्लेखित विवरणहरुको सत्यता तथा लगानीकर्ताको दायित्व सम्बन्धमा	३
३	**उद्घोषण**	**४**
३.१	नियमन निकायको जवाफदेहिता नरहने उद्घोषण	४
३.२	कोष प्रबर्द्धकको उद्घोषण	४
३.३	योजना व्यवस्थापकको उद्घोषण	४
३.४	कोष सुपरिवेक्षकको उद्घोषण	४
४	**योजना सम्बन्धी संक्षिप्त जानकारी**	**४-६**
५	**कोष प्रबर्द्धक सम्बन्धी जानकारी**	**६-१६**
५.१	कोष प्रबर्द्धकको नाम	६
५.२	योजना व्यवस्थापक कम्पनीमा शेयर स्वामित्वको प्रतिशत	६
५.३	कोष प्रबर्द्धक स्थापित भएको ऐन/नियमसम्बन्धी विवरण	६
५.४	कोष प्रबर्द्धकको संक्षिप्त इतिहास	६
५.५	कोष प्रबर्द्धकका प्रमुख उदेश्यहरु	६-७
५.६	कोष प्रबर्द्धकको विगत तीन वर्षको वित्तीय विवरण	७-१६
६	**योजना व्यवस्थापक सम्बन्धी विवरण**	**१७-४४**
६.१	योजना व्यवस्थापकको परिचय	१७
६.२	योजना व्यवस्थापकको भावी योजना तथा रणनीति	१७-१८
६.३	योजना व्यवस्थापकको सञ्चालक समितिको संरचना र प्रतिनिधित्व सम्बन्धी व्यवस्था	१८
६.४	योजना व्यवस्थापकको पूँजी संरचना सम्बन्धी जानकारी	१८
६.५	योजना व्यवस्थापकको संस्थापक तथा सञ्चालक सम्बन्धी जानकारी	१९-२१
६.६	योजना व्यवस्थापकको कर्मचारी सम्बन्धी जानकारी	२१–२२
६.७	योजना व्यवस्थापकको सञ्चालन अवधि तीन वर्ष व्यतित भैसकेको भए विगत तीन वर्षको र तीन वर्ष व्यतित भैनसकेको भए सञ्चालन अवधिभरको लेखापरीक्षण भएको (लेखापरीक्षण नभएको भए व्यवस्थापनबाट प्रमाणित) वासलात, नाफा नोक्सान हिसाब तथा नगद प्रवाहको विवरण	२२-२६
६.८	योजना व्यवस्थापकको लेखा नीति सम्बन्धी व्यवस्था	२६
६.९	योजना व्यवस्थापकको लेखापरीक्षकको नाम तथा ठेगाना	२७
६.१०	योजना व्यवस्थापकको कारोबारमा असर पर्ने कुनै विवाद/मुद्दा मामिला भए सोको विवरण तथा मुद्दा मामिला अन्तिम रुपमा फैसला भई जरिवाना बुझाएको भए सो सम्बन्धी विवरण	२७
६.११	यो योजना भन्दा अगाडिको योजनाको खुद सम्पत्ति मूल्य (NAV) सम्बन्धी विवरण	२७-४४
६.१२	योजना व्यवस्थापकको रेटिङ्ग गरेको भए रेटिङ्ग गर्ने कम्पनी तथा रेटिङ्ग सङ्केत	४४
७	**कोष सुपरिवेक्षक तथा कोष सुपरिवेक्षकसँगको सम्झौता सम्बन्धी विवरण**	**४५-४७**
७.१	कोष सुपरिवेक्षकको नाम, ठेगाना, उमेर तथा योग्यता	४५
७.२	कोष सुपरिवेक्षकको व्यवसायिक अनुभव, मुख्य पेशा व्यवसाय तथा हाल कायम रहेको जिम्मेवारी	४६
७.३	योजना सम्बन्धमा कोष सुपरिवेक्षकको भूमिका	४७
७.४	कोष प्रबर्द्धक र कोष सुपरिवेक्षक बीचको सम्झौताका मुख्य-मुख्य बुँदाहरु	४७
८	**योजना सम्बन्धी जानकारी**	**४८-५८**
८.१	योजना सम्बन्धी विवरण	४८
८.२	योजनाको उद्देश्य	४८
८.३	योजनाले लगानी गर्ने क्षेत्र	४८–४९
८.४	योजनाको वित्तीय प्रक्षेपण सम्बन्धी विवरण	४९–५३
८.५	योजनाको खर्च सम्बन्धी विवरण	५३
८.६	योजनाको मुनाफा वितरणको लक्ष्य	५३

८.७	लगानी तथा मुनाफाका सम्बन्धमा लागू हुने कर सम्बन्धी व्यवस्था	५३
८.८	योजनाका ईकाइहरु अर्को योजनामा हस्तान्तरण हुने/नहुने कुरा र हुने भएमा सोको प्रक्रिया	५४
८.९	खुद सम्पत्ति मूल्य गणना तथा सोको प्रकाशन सम्बन्धी व्यवस्था	५४
८.१०	योजनामा अन्तर्निहित जोखिम तथा सोको व्यवस्थापनको लागि व्यवस्थापनको धारणा	५४–५८
९	**इकाई निष्काशन सम्बन्धी विवरण**	**५८-५९**
९.१	इकाई बिक्री खुला गरिने मिति तथा अवधि	५८
९.२	आवेदन सङ्कलन केन्द्र (बिक्री केन्द्र) सम्बन्धी जानकारी	५८
९.३	आवेदन दिन सक्ने व्यक्ति तथा संस्थाहरु	५८
९.४	खरिद गर्न सकिने न्यूनतम तथा अधिकतम इकाई सङ्ख्या	५८
९.५	इकाईको बाँडफाँट, फिर्ता भुक्तानी तथा सूचीकरण सम्बन्धी व्यवस्था	५८
९.६	आवेदन दिदाँ ध्यान दिनुपर्ने कुराहरु	५८–५९
१०	**इकाईधनी (योजनाका सहभागी) लाई प्राप्त हुने अधिकार तथा सेवा**	**६०**
११	**गुनासो सुन्ने र समाधान गर्ने प्रकृया**	**६०**
१२	**योजना व्यवस्थापकको प्रतिबद्धता पत्र (ड्यु डेलिजेन्स् सर्टिफिकेट)**	**६१**
१३	**यस विवरण पुस्तिकामा प्रकाशित तथ्य तथा विवरणहरु ठीक दुरुस्त छन्, सोमा कुनै फरक परेमा हामी सञ्चालकहरु पूर्ण रुपमा जिम्मेवार हुनेछौं भनी सही छाप गर्ने सञ्चालकहरुको नाम तथा दस्तखत**	**६२**

२.२ विवरण पुस्तिकामा प्रयोग भएका प्राविधिक तथा अन्य शब्दावलीको परिभाषा :

(क) "ऐन" भन्नाले धितोपत्र सम्बन्धी ऐन, २०६३ (संशोधन सहित) सम्झनुपर्दछ ।
(ख) "नियमावली" भन्नाले सामूहिक लगानी कोष नियमावली, २०६७ (संशोधन सहित) सम्झनुपर्दछ ।
(ग) "निर्देशिका" भन्नाले सामूहिक लगानी कोष निर्देशिका, २०६९ सम्झनुपर्दछ ।
(घ) "बोर्ड" भन्नाले नेपाल धितोपत्र बोर्डलाई सम्झनुपर्दछ ।
(ङ) "विवरण पुस्तिका" भन्नाले इकाईको सार्वजनिक निष्काशन आव्हान गर्नुअघि योजनाको सम्बन्धमा सम्भावित लगानीकर्तालाई जानकारी प्रदान गर्ने प्रयोजनका लागि निर्देशिका बमोजिम प्रकाशन गरिने विवरण पुस्तिका सम्झनुपर्दछ ।
(च) "संकलन केन्द्र" भन्नाले नेपाल धितोपत्र बोर्डबाट अनुमति प्राप्त गरी सी-आस्वा (C-ASBA) सेवामा सहभागी बैंक तथा वित्तीय संस्थाहरु र तिनका शाखा कार्यालयहरु सम्झनुपर्दछ ।
(छ) "कोष प्रवर्द्धक" भन्नाले नबिल बैंक लिमिटेडलाई सम्झनुपर्दछ ।
(ज) "योजना व्यवस्थापक" भन्नाले नबिल इन्भेष्टमेण्ट बैंकिङ्ग लिमिटेडलाई सम्झनुपर्दछ ।
(झ) "कोष सुपरिवेक्षक" भन्नाले नियमावलीको व्यवस्था बमोजिम नबिल म्यूचुअल फण्डको सुपरिवेक्षणका लागि बोर्डबाट स्वीकृति प्राप्त गरी कोष प्रबर्द्धकबाट नियुक्त व्यक्तिहरुको समूहलाई सम्झनुपर्दछ ।
(ञ) "डिपोजिटरी" भन्नाले योजना अर्न्तगतका इकाईधनीहरुको रेकर्ड राख्ने, इकाई नामसारी सम्बन्धी कार्य गर्ने, योजनाको लगानीको प्रतिफल प्राप्त गरी सोको रेकर्ड राख्ने, इकाईधनीहरुलाई मुनाफा वितरण गर्ने जस्ता नियमावलीले तोकेको कार्य गर्ने अनुमति प्राप्त नबिल इन्भेष्टमेन्ट बैंकिङ्ग लिमिटेडलाई सम्झनुपर्दछ ।
(ट) "खुद सम्पत्ती मूल्य" भन्नाले योजनाको मुल्याकंन गर्ने मितिमा कायम रहेको कुल सम्पत्ति र सोमा प्राप्त गर्नुपर्ने प्रतिफल तथा अन्य आय जोडी दायित्व तथा अपलेखन नगरिएका स्थगन तथा बिविध खर्च कट्टा गरि आउने कुल सम्पत्ति मुल्य (नेट एसेट्स भ्यालू) लाई सम्झनु पर्छ ।

२.३ (क) विवरण पुस्तिका प्राप्त गर्न सकिने स्थानहरु :

क्र. सं	कम्पनीको नाम तथा ठेगाना
१.	नबिल बैंक लिमिटेड, वीना मार्ग, दरबारमार्ग स्थित प्रधान कार्यालय
२.	नबिल इन्भेष्टमेन्ट बैंकिङ्ग लिमिटेड नक्साल, काठमाडौँ
३	साथै योजना व्यवस्थापकको वेभसाइट : www.nabilinvest.com.np, र कोष प्रवर्द्धकको वेभसाइट www.nabilbank.com

साथै विवरण पत्र स्वीकृत पश्चात श्री नेपाल धितोपत्र बोर्डको वेवसाइट www.sebon.gov.np बाट समेत हेर्न सक्नु हुनेछ ।

(ख) निवेदन बुझाउने स्थानहरु :

क्र. सं	निवेदन बुझाउन स्थानहरु
१.	नेपाल धितोपत्र बोर्डबाट अनुमति प्राप्त गरी सी-आस्वा (C-ASBA) सेवामा सहभागी बैंक तथा वित्तीय संस्थाहरु र तिनका शाखा कार्यालयहरु ।

नोटः सिडिएस एण्ड क्लियरिङ्ग लिमिटेडद्वारा सञ्चालित मेरो शेयर (Mero Share) अनलाइन प्रणाली मार्फत पनि आवेदन गर्न सकिनेछ ।

२.४ विवरण पुस्तिकामा उल्लेखित विवरणहरुको सत्यता तथा लगानीकर्ताको दायित्व सम्बन्धमा :

यस विवरण पुस्तिकामा उल्लेख गरिएका विवरणहरु सहभागीहरुको जानकारीको लागि ऐन तथा नियमावली बमोजिम तयार गरी बोर्डबाट स्वीकृत भएको हो । यसबाट योजनामा सहभागी हुन चाहने जो कोहीले योजनामा सहभागी हुनुभन्दा अगाडि नै योजनाबारे जानकारी प्राप्त गर्न सक्नेछन् । यो विवरण पुस्तिका बोर्डबाट स्वीकृत भए तापनि यसको राम्रोसँग अध्ययन गरेर मात्र लगानी गर्न सुझाव दिईन्छ । विवरण पुस्तिका प्रकाशित भएपश्चात् निष्काशन खुला हुनुअघि वा सो अवधिमा यस विवरण पुस्तिकामा कुनै प्रकारको परिवर्तन भएमा सो को सार्वजनिक रुपमा जानकारी गराइनेछ ।

३. उद्घोषण :

३.१ नियमन निकायको जवाफदेहिता नरहने उद्घोषण :

इकाई सार्वजनिक निष्काशन गर्नका लागि तयार गरिएको यस विवरण पुस्तिकालाई धितोपत्र सम्बन्धी प्रचलित कानून बमोजिम नेपाल धितोपत्र बोर्डले स्वीकृति प्रदान गरेको छ। यसरी प्रदान गरिएको स्वीकृतिले विवरण पुस्तिकामा उल्लिखित कुराको सत्यता वा योजना व्यवस्थापक वा योजनाको आर्थिक सक्षमताको बारेमा बोर्डले कुनै प्रकारको प्रत्याभूती गरेको वा जिम्मेवारी लिएको मानिने छैन ।

३.२ कोष प्रवर्द्धकको उद्घोषण :

प्रचलित कानून बमोजिम योजना व्यवस्थापकले तयार गरेको यस योजना कोष सुपरिवेक्षकको अनुमोदन तथा बोर्डको स्वीकृतिमा सञ्चालनमा आउनेछ । कोष सुपरिवेक्षक तथा योजना व्यवस्थापकको सञ्चालक समितिमा कोष प्रवर्द्धकको प्रतिनिधि सञ्चालक मार्फत योजनाको व्यवसायिक तथा नियमसंगत व्यवस्थापनमा कोष प्रवर्द्धकको सहभागिता रहनेछ । विवरण पुस्तिकामा समावेश विवरण हामीले जाने बुझे सम्म सत्य तथ्य रहेका छन् ।

३.३ योजना व्यवस्थापकको उद्घोषण :

यो विवरण पुस्तिकामा कोष प्रवर्द्धक, कोष सुपरिवेक्षक, योजना व्यवस्थापक तथा प्रस्तावित योजना सम्बन्धी जानकारीहरु उल्लेख गरिएको छ। साथै विवरण पुस्तिकामा उल्लेख गरिएको वित्तीय विवरण, अन्य विवरण तथा कागजातहरुको सत्यता तथा शुद्धता प्रति यस विवरण पुस्तिका हस्ताक्षर गर्ने हामी संचालकहरु व्यक्तिगत वा सामूहिक रुपमा जवाफदेहिता वहन गर्दछौं तथा लगानीकर्ताहरुलाई लगानी सम्बन्धमा सुसूचित निर्णय लिन आवश्यक विवरण, सूचना तथा जानकारीहरु उपलब्ध गराएका छौं । साथै यस विवरण पुस्तिका तयार गर्दा प्रचलित ऐन/नियमको पालना गरिएको छ ।

३.४ कोष सुपरिवेक्षकको उद्घोषण :

यस विवरण पुस्तिकामा हामीले पुनरावलोकन गरी अनुमोदन गरेको हुनाले यसमा समावेश गरिएका सामाग्री जस्तै वित्तीय विवरण, योजना व्यवस्थापक, कोष सुपरिवेक्षक आदी सम्बन्धी विवरण तथा जानकारीहरु हामीले जाने बुझेसम्म यथार्थ रहेका छन् । यस पुस्तिकामा उल्लेख गरिएका विवरणहरु स्पष्ट तथा पर्याप्त मात्रामा राखिएको छ र लगानीकर्ताहरुलाई लगानी सम्बन्धी सुसूचित निर्णय लिन आवश्यक विवरण, सूचना तथा जानकारीहरु उपलब्ध गराईएका छन् ।

४. योजना सम्बन्धी संक्षिप्त जानकारी :

४.१	क	योजनाको नाम	नबिल ब्यालेन्सड् फण्ड ३ (Nabil Balanced Fund III)
	ख	योजनाको आकार	रु. १,००,००,००,०००/- (एक अर्ब)
	ग	योजनाको प्रकार	बन्दमुखी (Close-end)
४.२	क	निष्काशन गर्न लागिएको इकाई सङ्ख्या	१०,००,००,००० (दश करोड)
	ख	प्रति इकाई मूल्य	रु. १०/- (दश)
	ग	न्यूनतम बिक्री हुनुपर्ने इकाई सङ्ख्या	५,००,००,००० (पाँच करोड)
	घ	अधिकतम सकारिने इकाई सङ्ख्या	१२,५०,००,००० (बाह्र करोड पचास लाख)
	ङ	योजनाको अवधि	१० वर्ष
	च	योजना परिपक्व हुने मिति	योजनाको इकाई बाँडफाँट भएको मितिले १० वर्ष ।
	छ	योजना बिक्री खुल्ला हुने मिति	२०७८/०५/२५
	ज	इकाई बिक्री केन्द्रहरु	नेपाल धितोपत्र बोर्डबाट अनुमति प्राप्त गरी सी-आस्वा (C-ASBA) सेवामा सहभागी बैंक तथा वित्तीय संस्थाहरु र तिनका शाखा कार्यालयहरु । सिडिएस एण्ड क्लियरिङ्ग लिमिटेडद्वारा सञ्चालित मेरो शेयर (Mero Share) अनलाइन प्रणाली मार्फत पनि आवेदन गर्न सकिने ।
	झ	आवेदकले खरिद गर्नुपर्ने न्यूनतम इकाई सङ्ख्या	१०० (एक सय)
	ञ	आवेदकले खरिद गर्न सक्ने अधिकतम इकाई सङ्ख्या	१,००,००,००० (एक करोड)

	ट	इकाई बिक्री तथा बाँडफाँट सम्बन्धी व्यवस्था	इकाई बिक्रीका लागि आवेदन लिने कार्य समाप्त भएपश्चात् धितोपत्र निष्काशन तथा बाँडफाट निर्देशिका, २०७४ बमोजिम इकाईको बाँडफाँट गरिने ।
	ठ	सूचिकरण तथा दोस्रो बजार कारोवार व्यवस्था	इकाईहरु नेपाल स्टक एक्सचेन्ज लि. मा सूचिकृत गरी कारोवारको व्यवस्था गरिने ।
४.३		योजनाको मुनाफा वितरणको लक्ष्य	योजनाको लेखा परीक्षण पश्चात् आएको खुद वितरण योग्य मुनाफाको हिसावले इकाईको अंकित मूल्यको आधारमा हरेक आर्थिक वर्षमा एक वा सो भन्दा बढी पटक मुनाफा वितरण गरिने। सञ्चित मुनाफा (Retained Earning) पुनः लगानी गरिने ।
४.४		इकाई खरिद गर्न सक्ने व्यक्ति तथा संस्थाहरु	नियमावली एवं निर्देशिकाको अधीनमा रही नेपाली नागरिक, गैर आवसीय नेपालीको प्रमाणपत्र (परिचयपत्र) जारी भएका व्यक्ति, प्रचलित कानून बमोजिम दर्ता भएका नेपाली फर्म, संघ संस्था, कम्पनी, बैंक तथा वित्तीय संस्था, बीमा कम्पनी, अन्य निकायहरु, कुनै पनि वर्ग वा समूहले खडा गरेको कोषहरु जस्तै सञ्चयकोष, कल्याणकारी कोष, गुठी, अक्षय कोष आदिले यस विवरण पुस्तिका अनुसार जारी गरिने इकाई खरिद गर्न आवेदन दिन सक्ने ।
४.५		योजना व्यवस्थापकको नाम तथा ठेगानाः	नबिल इन्भेष्टमेण्ट बैंकिङ्ग लिमिटेड, का.जि.का.म.पा., वडा नं. १, नक्साल, काठमाडौँ ।
		स्थापित ऐनः	कम्पनी ऐन, २०६३ र धितोपत्र सम्बन्धी ऐन, २०६३ ।
		दर्ता मितिः	कम्पनी रजिष्ट्रारको कार्यालयमा दर्ता मितिः २०६६/१०/२४ (दर्ता नं. १२११/०६६/०६७) ।
		बोर्डबाट योजना व्यवस्थापकको अनुमति प्राप्त मितिः	२०६९/०५/२७
४.६		योजना व्यवस्थापकको लेखापरीक्षकको नाम तथा ठेगाना	एस.ए.आर एण्ड एसोसिएट्स चार्टर्ड एकाउण्टेण्ट्स, विशालनगर, काठमाडौँ ।
४.७		योजनाको लेखापरीक्षकको नाम तथा ठेगाना	के.वि. चित्रकार एण्ड कम्पनी चार्टर्ड एकाउण्टेण्ट्स, ज्वागल, ललितपुर ।
४.८		कोष सुपरिवेक्षकको नाम तथा ठेगाना	१. सि.ए. मदन कृष्ण शर्मा ठेगानाः बालुवाटार, काठमाडौँ, ३ । २. प्रा.डा. फत्त बहादुर के.सी ठेगानाः ५४१,डिल्लीबजार, काठमाडौँ २९ ३. प्रा.डा. देबी प्रसाद शर्मा बिडारी । ठेगानाः झापा, घैलाडूब्बा ६। ४. श्री नविन कुमार वर्मा । ठेगानाः १४१, सरस्वती थान मार्ग, गैरीधारा , काठमाडौँ । ५. श्री देब बहादुर बोहोरा ठेगानाः देहिमाण्डौ, बैतडी ।
४.९		रेटिङ्ग कम्पनी तथा योजनाको रेटिङ्ग संकेत	कोष प्रबर्द्धकको रेटिङ्ग : [ICRANP-IR] AA- यसले संस्था समयमा नै वित्तिय दायित्व पुरा गर्ने सम्बन्धमा पर्याप्त मात्रामा सुरक्षित (High degree of safety regarding timely servicing financial obligations) रहेको भन्ने जनाउँछ । यस्ता संस्थामा कर्जाहरुको जोखिम ज्यादै न्यून (Very Low Credit Risk) भन्ने आधार जनाउदछ ।उक्त रेटिङ्ग प्राप्त गरेको मिति : भाद्र २५,२०७७ र यसको बैधता एक वर्ष रहनेछ । योजन व्यवस्थापकको रेटिङ्ग : [ICRANP] AMC Quality 3+ (AMC 3+) उक्त रेटिङ्ग प्राप्त गरेको मिति : पौष १३ ,२०७७ र यसको बैधता एक वर्ष रहनेछ । जसले सम्पत्ति वा कोषको उचित व्यवस्थापनको पर्याप्त आधार (Adequate Assurance on Management Quality) रहेको जनाउदछ ।
४.१०		लगानीका क्षेत्रहरु	नियमावलीको नियम ३४ एवं निर्देशिकाको अधीनमा रही योजनाको इकाई बिक्रीबाट उठेको वा संकलन भएको रकम देहाय बमोजिम कुनै वा सबै क्षेत्रमा लगानी हुनेछ : १. बोर्डमा दर्ता भएको धितोपत्र । २. सार्वजनिक निष्काशन भएको धितोपत्र ।

			३. धितोपत्र विनियम बजारमा सूचीकृत धितोपत्र । ४. नेपाल सरकारले जारी गरेको वा नेपाल सरकारको जमानत वा पूर्ण सुरक्षित हुने गरी सरकारी स्वामित्व वा नियन्त्रणमा रहेको कुनै संस्था वा नेपाल राष्ट्र बैंकले जारी गरेको ऋणपत्र, ट्रेजरी बिल तथा मुद्रा बजारका अन्य साधनहरु । ५. बैंक निक्षेप । ६. मुद्रा बजार उपकरण । ७. बोर्डले तोकिदिएको अन्य क्षेत्र ।
४.११		योजनाको दर्ता तथा हस्तान्तरण गर्न नियुक्त डिपोजिटरीको नाम र ठेगाना	नबिल इन्भेष्टमेन्ट बैंकिङ्ग लिमिटेड, नक्साल, काठमाडौं ।
४.१२		खुद सम्पत्ति मूल्य गणना तथा सोको प्रकाशन सम्बन्धी व्यवस्था	निर्देशिकाले व्यवस्था गरे बमोजिम खुद सम्पत्ति मूल्य गणना गरिने र सो विवरण नियमावलीले व्यवस्था गरे बमोजिम सार्वजनिक गरिनेछ। सो सम्बन्धी विस्तृत विवरण यस विवरण पुस्तिकाको बुँदा ८.९ (क) र (ख) मा उल्लेख गरिएको ।

५. कोष प्रवर्द्धक सम्बन्धी जानकारी

५.१ कोष प्रवर्द्धकको नाम : श्री नबिल बैंक लिमिटेड ।

५.२ योजना व्यवस्थापक कम्पनीमा शेयर स्वामित्वको प्रतिशत :
कोष प्रवर्द्धक श्री नबिल बैंक लिमिटेडको योजना व्यवस्थापक कम्पनीमा चुक्ता पूँजीको ५२ प्रतिशत शेयर स्वामित्व रहेको ।

५.३ कोष प्रवर्द्धक स्थापित भएको ऐन/नियम सम्बन्धी विवरण :
प्रचलित कम्पनी ऐन अन्तर्गत संस्थापित र सञ्चालित एवं बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०६३ अनुसार कारोबार गर्न इजाजत प्राप्त ।

५.४ कोष प्रवर्द्धकको संक्षिप्त इतिहास :
नबिल बैंक लिमिटेड प्रचलित कम्पनी कानून बमोजिम मिति २०४१/०१/२९ मा नेपाल सरकार कम्पनी रजिष्ट्रारको कार्यालयमा पब्लिक लिमिटेड कम्पनीको रुपमा दर्ता भएको हो । मिति २०४१/०३/१२ मा नेपाल राष्ट्र बैंकबाट वित्तीय कारोवार गर्न स्वीकृति प्राप्त गरी बैंकले २०४१/०३/२९ गते देखि आफ्नो वित्तीय कारोवार गर्दै आएको छ । बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०६३ बमोजिम नेपाल राष्ट्र बैंकबाट "क" वर्गको वित्तीय संस्थाको रुपमा बैंकलाई मिति २०६३/०२/१२ मा पुनः इजाजत प्राप्त भई "क" वर्गको इजाजत प्राप्त संस्थाको रुपमा बैंकले आफ्नो कारोबार सञ्चालन गरिरहेको छ। यस बैंकमा ६०% शेयर स्वामित्व संस्थापक शेयरधनीहरुको र ४०% शेयर स्वामित्व सर्वसाधारण शेयरधनीहरुको रहेको छ । बैंकिङ्ग क्षेत्रमा यस बैंकले एक अग्रणी बैंकको भूमिका निर्वाह गरिरहेको छ ।

५.५ कोष प्रवर्द्धकका प्रमुख उद्देश्यहरु :
कम्पनीको प्रबन्धपत्र अनुसार कम्पनीका मुख्य उद्देश्यहरु देहाय बमोजिम रहेका छन् ।

नेपाल राष्ट्र बैंक ऐन, २०५८, प्रचलित बैंक तथा वित्तीय संस्था सम्बन्धी कानुन, कम्पनी कानुन तथा अन्य प्रचलीत कानूनको अधिनमा रही बैंकिङ्ग तथा वित्तीय कारोवार गर्ने यस बैंकको मुख्य उद्देश्यहरु देहाय बमोजिम रहेको छ ।

(क) बैंकका निक्षेपकर्ता तथा शेयरधनीहरुको हकहितको संरक्षण र सम्वर्द्धन गर्दै सर्वसाधरणलाई गुणस्तरीय तथा भरपर्दो वित्तीय सेवा उपलब्ध गराउने,
(ख) कृषि, उद्योग, सेवा, व्यापार तथा अन्य व्यावसायिक रुपले सम्भाव्य देखिएका उत्पादनशील व्यवसायको स्थापना, विकास, विस्तार र क्षमता एवं उत्पादकत्व वृद्धिका लागि आवश्यक वित्तीय साधन आन्तरिक तथा बाह्य स्रोतबाट जुटाई देशको औद्योगिक, व्यापारिक एवं कृषि क्षेत्रको विकासमा गतिशीलता ल्याउन सहयोग पुऱ्याउने,
(ग) उपलब्ध शीप, श्रम तथा पूँजीलाई उचित परिचालन गरी ग्रामीण तथा शहरी क्षेत्रमा उत्पादन एवं रोजगारीमूलक व्यवसायको स्थापना, सञ्चालन, विकास, विस्तार एवं प्रवद्धन गर्ने र सो कार्यको लागि आवश्यक वित्तीय साधन, प्राविधिक

तथा व्यवस्थापकीय परामर्श सेवा, तालिम तथा प्रविधि उपलब्ध गराई देशको समग्र आर्थिक विकासका लागी सक्रिय रूपमा संलग्न भई सहयोग पुऱ्याउने र

(घ) मुलुकमा छरिएर रहेको पुँजीलाई एकीकृत गरी संस्थागत लगानी तथा स्वस्थ प्रतिस्पर्धाको माध्यमबाट वित्तीय मध्यस्थताको सेवा उपलब्ध गराउने ।

५.६ कोष प्रवर्द्धकको विगत तीन वर्षको वित्तीय विवरण

नबिल बैंक लि. को विगत तीन वर्षको लेखापरीक्षण भएको वास्तविक वासलात, नाफा नोक्सान हिसाब, नगद प्रवाह विवरण तथा विगत तीन वर्षको प्रति शेयर आम्दानी (अर्निङ्ग पर शेयर) र प्रति शेयर नेटवर्थ सम्बन्धी विवरण देहाय बमोजिम रहेको छ :

क. वासलात **(रु. हजारमा)**

विवरण	वास्तविक		
	२०७४/७५	२०७५/७६	२०७६/७७
सम्पत्ती			
नगद तथा नगद समान	७,९५२,३५०	१०,६७०,३२९	४,७९९,६३०
नेपाल राष्ट्र बैंकमा रहेको मौज्दात	७,३७२,२८५	८,००१,१९६	२०,०२१,०३१
बैंक तथा वित्तीय संस्थामा रहेको मौज्दात तथा लगानी	१०,१६०,२८१	११,०७८,७२९	१०,२३०,५७९
व्यूत्पन्न (डेरिभेटिभ) वित्तीय उपकरण	८,३०४,०२९	८,५३९,०५८	१०,८५९,५९८
अन्य व्यापारिक सम्पत्तिहरु	–	–	–
बैंक तथा वित्तीय संस्थालाई प्रवाह गरेको कर्जा तथा सापटी	४,५६५,७९०	६,०५८,४९३	५,८३६,३६८
ग्राहकहरुलाई प्रवाह गरेको कर्जा तथा सापटी	१०९,०५९,३६५	१२७,५००,२४३	१४८,०५४,०७१
लगानी उपकरण	१८,३८८,०८३	२५,३०३,०७३	३३,६३३,३९७
चालू कर सम्पत्ति	४०,३७५	१३७,५१९	२६०,७९६
सहायक कम्पनीमा लगानी	७८,०००	७८,०००	७८,०००
सम्बद्ध कम्पनीमा लगानी	४०,०००	८०,०००	८०,०००
अन्य लगानी	८,२१९	८,२१९	८,२१९
स्थिर सम्पत्ति	९८६,२६०	१,०५१,७९२	१,३१८,११४
साख तथा अभौतिक सम्पत्ति	५०,३३५	४१,४०१	७१,७५०
स्थगन कर सम्पत्ति	–	–	–
अन्य सम्पत्ति	२,०७०,७२४	२,५९०,७७१	२,४२८,४७७
कूल सम्पत्ति	**१६९,०७६,०९६**	**२०१,१३८,८२१**	**२३७,६८०,०३०**
दायित्व			
बैंक तथा वित्तीय संस्थालाई तिर्न बाँकी रकम	१,१६८,६६५	१,४१९,०४२	२,२२८,८६१
नेपाल राष्ट्र बैंकलाई तिर्न बाँकी रकम	३२,५१८	८८,४७५	५३,२८६
व्यूत्पन्न (डेरिभेटिभ) वित्तीय उपकरण	८,३५७,८६९	८,३३५,०७३	१०,७६४,२०३
ग्राहकहरुको निक्षेप दायित्व	१३४,८१०,६७०	१६२,९५४,०००	१९०,८०६,४७०
सापटी	–	–	–
आयकर दायित्व	–	–	–
नोक्सानी व्यवस्थाहरु	–	–	–
स्थगन कर दायित्व	८०३,७५८	८५१,५३७	१,४३८,८३०
अन्य दायित्वहरु	३,२५६,२५९	४,३०२,०८३	४,४९६,८४८
जारी गरिएको ऋणपत्र	६०,०००	–	२,०३५,८७४
अन्य दायित्व उपकरणहरु	–	–	–
कूल दायित्व	**१४८,४८९,७३९**	**१७७,९५०,२०९**	**२११,८२४,३७१**
पुँजी			
शेयर पुँजी	८,०४३,२२१	९,०११,८४५	१०,०९७,४९७
शेयर प्रिमियम	७४	७४	७४
सञ्चित मुनाफा	३,२५४,८११	३,७३५,३३४	३,५७६,४२३

जगेडा तथा कोषहरु	९,२८८,२५२	१०,४४१,३५९	१२,१८१,६६४
बैकको शेयरधनीहरुको कूल पूँजी	**२०,५८६,३५७**	**२३,१८८,६१२**	**२५,८५५,६५९**
नियन्त्रण नहुने स्वार्थ	–	–	–
कूल पुँजी	**२०,५८६,३५७**	**२३,१८८,६१२**	**२५,८५५,६५९**
कूल पुँजी तथा दायित्व	**१६९,०७६,०९६**	**२०१,१३८,८२१**	**२३७,६८०,०३०**
भैपरी आउने दायित्व तथा प्रतिवद्धता	५०,७११,७३३	५८,६४४,१३६	७३,२७४,०१८
प्रति शेयर खूद सम्पत्ति	२५५.९५	२५७.३१	२५६.०६

ख. नाफा-नोक्सान हिसाव (रु. हजारमा)

विवरण	वास्तविक		
	२०७४/७५	२०७५/७६	२०७६/७७
ब्याज आम्दानी	११,३४९,८६७	१५,२४३,७८०	१६,४६२,९१४
ब्याज खर्च	५,०८७,८०८	८,०८४,५२६	९,४७९,२४९
खूद ब्याज आम्दानी	**६,२६२,०५९**	**७,१५९,२५४**	**६,९८३,६६५**
शुल्क तथा कमिशन आम्दानी	१,०५७,४२६	१,२९१,००५	१,३०५,२२७
शुल्क तथा कमिशन खर्च	४९,०८४	६४,४६१	६३,२५१
खूद शुल्क र कमिशन आम्दानी	**१,००८,३४१**	**१,२२६,५४४**	**१,२४१,९७६**
खूद ब्याज, शुल्क र कमिशन आम्दानी	**७,२७०,४००**	**८,३८५,७९८**	**८,२२५,६४१**
खूद व्यापारिक आम्दानी	३९०,६५२	४४८,३४३	४६८,०८६
अन्य सञ्चालन आम्दानी	५५८,७९७	४९४,६७०	४३०,४१२
कूल सञ्चालन आम्दानी	**८,२१९,८४९**	**९,३२८,८१०**	**९,१२४,१३९**
कर्जा तथा अन्य नोक्सानीको लागि व्यवस्था/(फिर्ता)	१७५,८५८	४०५,१७४	८५६,७५९
खूद सञ्चालन आम्दानी	**८,०४३,९९१**	**८,९२३,६३६**	**८,२६७,३८०**
सञ्चालन खर्च			
कर्मचारी खर्च	१,७२७,७०९	१,९४९,६१०	२,००९,६७८
अन्य सञ्चालन खर्च	५३९,३९९	७७७,२०३	१,०४९,००४
ह्रासकट्टी र परिशोधन	१२३,९२१	१७०,१७३	११५,६३३
सञ्चालन मुनाफा	**५,६५२,९६२**	**६,०२६,६५१**	**५,०९३,०६५**
गैर सञ्चालन आम्दानी	११,१८८	१७,०१०	४,४४७
गैर सञ्चालन खर्च	६,८०५	२,३४१	२,५०५
आयकर अघिको मुनाफा	**५,६५७,३४४**	**६,०४१,३१९**	**५,०९५,००७**
आयकर खर्च			
चालू कर खर्च	१,६८२,४७०	१,८१०,१७५	१,५५१,१२२
स्थगन कर	(७,०१९)	(७,७०९)	८०,६४४
यस अवधिको मुनाफा	**३,९८१,८९३**	**४,२३८,८५४**	**३,४६३,२४१**
मुनाफा बाँडफाँड			
बैंकका शेयरधनीहरु	३,९८१,८९३	४,२३८,८५४	३,४६३,२४१
गैर नियन्त्रित स्वार्थ	–	–	–
यस अवधिको मुनाफा	**३,९८१,८९३**	**४,२३८,८५४**	**३,४६३,२४१**

ग. नगद प्रवाह विवरण (रु. हजारमा)

विवरण	वास्तविक		
	२०७४/७५	२०७५/७६	२०७६/७७
कारोवार संचालनबाट नगद प्रवाह			
व्याज प्राप्त	११,२२०,४२८	१४,९८०,२३१	१५,९९८,३९७
शुल्क तथा अन्य प्राप्ती	१,०९३,६५९	१,३८८,१५३	१,३३२,५२६
लाभांश प्राप्त	–	–	–
अन्य कारोवार संचालनबाट प्राप्ती	८४३,५७८	८९१,३६५	८०६,०००
व्याज भुक्तानी	(५,०६३,४८२)	(८,०८४,६१२)	(९,४३८,५४६)
कमिशन तथा शुल्क भुक्तानी	(४९,०८४)	(६४,४६१)	(६३,२५१)
कर्मचारीहरुलाई नगद भुक्तानी	(१,५९३,३७५)	(१,७९९,१४७)	(२,११७,६७१)
अन्य खर्च भुक्तानी	(५४६,२०४)	(७७९,५४४)	(१,०५१,५०८)
संचालन सम्पत्ति र दायित्वको घटबढ अघिको संचालन नगद प्रवाह	**५,९०५,५१९**	**६,५३१,९८५**	**५,४६५,९४७**
संचालन सम्बन्धी चालु सम्पत्तिमा घट/(बढ)			–
नेपाल राष्ट्र बैंकबाट बाँकी रकममा	(१,४४७,७१५)	(६२८,९११)	(१२,०१९,८३५)
बैंक तथा वित्तीय संस्थाहरुमा रहेको मौज्दातमा	१०,३५४,४२४	(९१८,४४८)	८४८,१४९
अन्य व्यापारिक सम्पत्तिमा	–	–	–
बैंक तथा वित्तीय संस्थाहरुलाई दिइएको कर्जा तथा सापटीमा	(१,२५६,०२८)	(१,५०७,७८१)	२२४,३६८
ग्राहकलाई दिइएको कर्जा तथा सपटीमा	(१९,९४५,४१७)	(१८,६३४,७४३)	(२०,९४८,०३३)
अन्य सम्पत्तिमा	(८,७७६,१६२)	(७४२,१८८)	(२,१५६,२१६)
चालु दायित्वमा कमी/वृद्धि			–
बैंक तथा वित्तीय संस्थाहरुलाई दिनु पर्ने बाँकी रकममा	(३,३३५,९९७)	२५०,३७७	८०९,८१९
नेपाल राष्ट्र बैंकलाई दिनु पर्ने बाँकी रकममा	१९,१३३	५५,९५७	(३५,१८९)
ग्राहकको निक्षेपमा	१७,३७४,३०७	२८,१४३,३३०	२७,८५२,४७०
ऋण सापटीमा	–	–	–
अन्य दायित्वमा	८,८९४,९५८	(२२३,४५४)	३,४८४,६७३
आयकर अगाडीको कार्यगत गतिविधिबाट खुद नगद प्रवाह	**७,७८७,०२१**	**१२,३२६,१२४**	**३,५२६,१५३**
आयकर भुक्तानी	(१,८७५,८६९)	(१,९०७,३१८)	(१,६७४,३९९)
कार्यगत गतिविधिबाट खुद नगद प्रवाह	**५,९११,१५२**	**१०,४१८,८०६**	**१,८५१,७५४**
लगानी कारोवारमा नगद प्रवाह			–
धितोपत्र खरिद	(३,२३३,५१०)	(६,६२८,१४७)	(६,६८३,३४२)
धितोपत्र बिक्री	–	–	–
स्थिर सम्पत्तिको खरिद	(३१८,०४५)	(२२९,९०१)	(३७७,७६६)
स्थर सम्पत्तिको बिक्री	१७,३६४	११,४६३	१४,६५८
अमूर्त सम्पत्तिको खरिद	(३,८०५)	(६,२१६)	(४७,५१९)
अमूर्त सम्पत्तिको बिक्रीबाट प्राप्ती	–	–	–
लगानी सम्पत्ति खरिद	(८,२१९)	–	–
लगानी सम्पत्ति बिक्रीबाट प्राप्ती	–	–	–
साहयक कम्पनी, सम्बद्ध र संयुक्त उद्यममा भएको लगानी	–	–	–
व्याज प्राप्ती	–	–	–
मुनाफा प्राप्त	१२७,८४२	९५,०३९	१००,९१८
लगानी कारोवारमा प्रयोग भएको खुद नगद प्रवाह	**(३,४१८,३७३)**	**(६,७५७,७६२)**	**(६,९९३,०५१)**
वित्तीय श्रोत कारोवारबाट नगद प्रवाह	–	–	–

ऋणपत्र निष्काशनबाट प्राप्त	–	–	२,०००,०००
ऋणपत्रको भुक्तानी	(२४०,०००)	(६०,०००)	–
असुरक्षित दायित्वको निष्काशनबाट प्राप्ती	–	–	–
असुरक्षित दायित्वमा भएको भुक्तानी	–	–	–
शेयर निष्काशनबाट प्राप्त	–	–	–
लाभांश भुक्तानी	(१,४४२,२३६)	(८८२,७८६)	(२,७२९,४०२)
व्याज भुक्तानी	(२५,३५४)	(२७९)	–
अन्य प्राप्ती/भुक्तानी	–	–	–
वित्तीय श्रोत कारोवारबाट खुद नगद	**(१,७०७,५९०)**	**(९४३,०६६)**	**(७२९,४०२)**
नगद प्रवाहमा भएको खुद घट/(बढ)	७८५,१९०	२,७१७,९७९	(५,८७०,६९९)
नगद तथा नगद समानको शुरुवाती मौज्दात	७,१६७,१६१	७,९५२,३५०	१०,६७०,३२९
नगद तथा नगद समानको विनिमय दरमा भएको फरक	–	–	–
नगद तथा नगद समानको अन्तिम मौज्दात	**७,९५२,३५०**	**१०,६७०,३२९**	**४,७९९,६३०**

आ. व. २०७७/७८ को लेखापरीक्षक र व्यवस्थापनबाट प्रमाणित अपरिष्कृत वित्तिय विवरण

क. वासलात (रु. हजारमा)

विवरण	समुह	बैंक
	२०७७/७८	२०७७/७८
सम्पत्ती		
नगद तथा नगद समान	५,९७१,६८०.७९	५,३४६,९७०.८२
नेपाल राष्ट्र बैंकमा रहेको मौज्दात तथा लिनुपर्ने रकम	८,०२३,६०१.१८	८,०२३,६०१.१८
बैंक तथा वित्तीय संस्थामा रहेको मौज्दात तथा लगानी	९,८६७,८५७.५७	९,८६७,८५७.५७
व्यूत्पन्न (डेरिभेटिभ) वित्तीय उपकरण	१३,६१५,३३२.५८	१३,६१५,३३२.५८
अन्य व्यापारिक सम्पत्तिहरु	१७५,५०१.५६	–
बैंक तथा वित्तयि सस्थालाइ प्रवााह गरेको कर्जा तथा सापटी	८,६०१,५६८.९३	८,६०१,५६८.९३
ग्राहकहरुलाई प्रवाह गरेको कर्जा तथा सापटी	१९८,१०७,३६९.३३	१९८,१०७,३६९.३३
धितोपत्रमा गरेको लगानी	४१,६२२,३३६.९९	४१,००४,२७१.९९
चालू कर सम्पत्ति	२१०,९०५.०५	२१०,४७०.९७
सहायक कम्पनीमा लगानी	–	७८,०००.००
सम्बद्ध कम्पनीमा लगानी	१४५,२८२.७९	८०,०००.००
सम्पत्तिमा लगानी	८,७४७.००	८,७४७.००
सम्पत्ति र उपकरण	१,७०३,७६२.७३	६९३,३०६.९१
गुडवील (ख्याति) र अमूर्त सम्पत्ति	६६,६३४.७६	६६,०४२.५४
स्थगन कर सम्पत्ति	–	–
अन्य सम्पत्ति	३,७५६,४९४.१८	३,६७६,६६६.७०
कूल सम्पत्ति	**२९१,८७७,०७५.४२**	**२९०,३८०,२०६.५०**
दायित्व	–	–
बैंक तथा वित्तीय संस्थालाई तिर्न बाँकी रकम	४,५०२,७०५.२२	४,५०२,७०५.२२
नेपाल राष्ट्र बैंकलाई तिर्न बाँकी रकम	५,४५०,३९२.७८	५,४५०,३९२.७८
व्यूत्पन्न (डेरिभेटिभ) वित्तीय उपकरण	१३,६३४,२२६.२८	१३,६३४,२२६.२८
ग्राहकहरुको निक्षेप दायित्व	२२३,४१४,६४८.९७	२२३,४७८,०८६.८८
सापटी	–	–

चालू कर दायित्व	–	–
व्यवस्था रकमहरु	–	–
स्थगन कर दायित्व	१,२३०,९१३.२९	१,२२२,५६५.३४
अन्य दायित्वहरु	७,८२३,२०२.३२	६,६६३,८०३.०१
जारी गरिएको ऋणपत्र	२,१००,२७३.९७	२,१००,२७३.९७
असुरक्षित सहायक आवधिक दायित्व	–	–
कूल दायित्व	**२५८,१५६,३६२.८३**	**२५७,०५२,०५३.४८**
पुँजी	–	–
शेयर पुँजी	१३,८४४,४५१.१६	१३,८४४,४५१.१६
शेयर प्रिमियम	१५८,७५८.४३	१५८,७५८.४३
सञ्चित मुनाफा	४,४८९,७९३.११	४,३०२,२१५.३१
जगेडा	१५,०३३,१७७.०४	१५,०२२,७२८.१२
शेयरधनीहरुको कूल जेथा	**३३,५२६,१७९.७४**	**३३,३२८,१५३.०२**
गैर नियन्त्रित स्वार्थ	१९४,५३२.८५	–
जम्मा पुँजी	**३३,७२०,७१२.५९**	**३३,३२८,१५३.०२**
जम्मा दायित्व र पुँजी	**२९१,८७७,०७५.४२**	**२९०,३८०,२०६.५०**

ख. नाफा-नोक्सान हिसाव (रु. हजारमा)

विवरण	समुह	बैंक
	२०७७/७८	२०७७/७८
ब्याज आम्दानी	१६,९०४,३९४.४४	१६,८३९,३३२.७०
ब्याज खर्च	९,१११,६३३.९७	९,११२,२९२.६५
खूद ब्याज आम्दानी	**७,७९२,७६०.४७**	**७,७२७,०४०.०५**
शुल्क तथा कमिशन आम्दानी	१,६९९,३५७.८४	१,५६४,३४७.८६
शुल्क तथा कमिशन खर्च	८५,३९३.२५	७७,२३६.७२
खूद शुल्क र कमिशन आम्दानी	**१,६१३,९६४.५९**	**१,४८७,१११.१४**
खूद ब्याज, शुल्क र कमिशन आम्दानी	**९,४०६,७२५.०६**	**९,२१४,१५१.१९**
खूद व्यापारिक आम्दानी	७३७,१७९.५५	६४३,७६०.६४
अन्य सञ्चालन आम्दानी	१,४७४,४१७.४६	१,४८५,४७६.५४
कूल सञ्चालन आम्दानी	**११,६१८,३२२.०७**	**११,३४३,३८८.३६**
कर्जा तथा अन्य नोक्सानीको लागि व्यवस्था/(फिर्ता)	६५९,९७२.१३	६५९,९७२.१३
खूद सञ्चालन आम्दानी	**१०,९५८,३४९.९४**	**१०,६८३,४१६.२३**
सञ्चालन खर्च		
कर्मचारी खर्च	३,१०७,३६५.६५	३,०६४,७५७.७९
अन्य सञ्चालन खर्च	१,०९४,६९३.७४	१,०४२,५८४.०७
ह्रासकट्टी र परिशोधन	१४४,३८८.६६	१४०,९०२.४६
सञ्चालन मुनाफा	**६,६११,९०१.८९**	**६,४३५,१७१.९१**
गैर सञ्चालन आम्दानी	२२,४०५.३६	३,३९८.६८
गैर सञ्चालन खर्च	६,०२८.५२	६,०२८.५२
आयकर अघिको मुनाफा	**६,६२८,२७८.७३**	**६,४३२,५४२.०७**
आयकर खर्च		

चालू कर खर्च	२,४४१,९८३.६८	२,३९२,३१८.३७
स्थगन कर	४५४,३५५.३५	४६४,२१३.६९
यस अवधिको मुनाफा	**४,६४०,६५०.३९**	**४,५०४,४३७.३९**
मुनाफा बाँडफाँड		
बैंकका शेयरधनीहरु	४,५७४,४०७.३६	४,५०४,४३७.३९
गैर नियन्त्रित स्वार्थ	६६,२४३.०४	
यस अवधिको मुनाफा	**४,६४०,६५०.३९**	**४,५०४,४३७.३९**
प्रति शेयर आम्दानी (EPS)	**३४.४१**	**३३.४**

ग. नगद प्रवाह विवरण (रु. हजारमा)

विवरण	समुह	बैंक
	२०७७/७८	२०७७/७८
कारोवार संचालनबाट नगद प्रवाह		
व्याज प्राप्त	१६,६५०,३९१.४१	१६,५८५,३२९.६६
शुल्क तथा अन्य प्राप्ती	१,६२६,५२९.३८	१,५१३,५१९.४०
लाभांश प्राप्त	-	
अन्य कारोवार संचालनबाट प्राप्ती	२,११६,५५४.०१	२,०२३,७८०.११
व्याज भुक्तानी	(८,७३८,४९५.५२)	(८,७३९,१५४.२१)
कमिशन तथा शुल्क भुक्तानी	(७६,७३६.७२)	(७७,२३६.७२)
कर्मचारीहरुलाई नगद भुक्तानी	(२,९५८,९०३.०६)	(२,९१६,१४२.८१)
अन्य खर्च भुक्तानी	(१,१०९,२२६.३९)	(१,०४८,६१२.५८)
संचालन सम्पत्ति र दायित्वको घटबढ अघिको संचालन नगद प्रवाह	**७,५१०,११३.१०**	**७,३४१,४८२.८६**
संचालन सम्बन्धी चालु सम्पत्तिमा घट/(बढ)		
नेपाल राष्ट्र बैंकबाट बाँकी रकममा	११,९९७,४३०.११	११,९९७,४३०.११
बैंक तथा वित्तीय संस्थाहरुमा रहेको मौज्दातमा	३६२,७२१.८९	३६२,७२१.८९
अन्य व्यापारिक सम्पत्तिमा	५२,५३९.७७	
बैंक तथा वित्तीय संस्थाहरुलाई दिइएको कर्जा तथा सापटीमा	(२,८१९,५४०.९३)	(२,८१९,५४०.९३)
ग्राहकलाई दिइएको कर्जा तथा सपटीमा	(५०,६३५,०५९.३९)	(५०,६३५,०५९.३९)
अन्य सम्पत्तिमा	(४,००५,३७६.३९)	(३,९७०,२९३.९९)
चालु दायित्वमा कमी/वृद्धि		
बैंक तथा वित्तीय संस्थाहरुलाई दिनु पर्ने बाँकी रकममा	२,२७३,८४४.०४	२,२७३,८४४.०४
नेपाल राष्ट्र बैंकलाई दिनु पर्ने बाँकी रकममा	५,३९७,१०७.१५	५,३९७,१०७.१५
ग्राहकको निक्षेपमा	३२,६१८,७०३.५५	३२,६७१,६१६.९१
ऋण सापटीमा		
अन्य दायित्वमा	८,३८२,९९८.६२	७,४५२,८०८.६५
आयकर अगाडीको कार्यगत गतिविधिबाट खुद नगद प्रवाह	**११,१३५,४८१.५२**	**१०,०७२,११७.२९**
आयकर भुक्तानी	(२,३९५,७५८.९३)	(२,३४१,९९३.३४)
कार्यगत गतिविधिबाट खुद नगद प्रवाह	**८,७३९,७२२.५९**	**७,७३०,१२३.९५**
लगानी कारोवारमा नगद प्रवाह		
धितोपत्र खरिद	(७,०४७,५९६.८६)	(६,६६६,७५८.८६)
धितोपत्र बिक्री		
स्थिर सम्पत्तिको खरिद	(४९४,४१६.९७)	(४९२,६०९.२४)

स्थर सम्पत्तिको बिक्री		
अभौतिक सम्पत्तिको खरिद	(१६,९८०.७४)	(१६,९८०.७३)
अभौतिक सम्पत्तिको बिक्री		
अन्य लगानी खरिद	(५२८.३४)	(५२८.३४)
अन्य लगानी बिक्री		
व्याज आम्दानी		
लाभांश	५७,१९०.०६	७६,९५०.०६
लगानी कारोवारमा प्रयोग भएको खुद नगद	**(७,५०२,३३२.८४)**	**(७,०९९,९२७.११)**
वित्तीय श्रोत कारोवारबाट नगद प्रवाह		
ऋणपत्र निष्काशनबाट प्राप्त		
ऋणपत्रको भुक्तानी		
असुरक्षित दायित्वको निष्काशनबाट प्राप्ती		
असुरक्षित दायित्वमा भएको भुक्तानी		
शेयर निष्काशनबाट प्राप्त		
लाभांश भुक्तानी	(६२,५४७.९७)	(४२,३०७.९७)
व्याज भुक्तनी	(४०,५४७.९५)	(४०,५४७.९५)
अन्य प्राप्ती/भुक्तान		
वित्तीय श्रोत कारोवारबाट खुद नगद	**(१०३,०९५.९२)**	**(८२,८५५.९२)**
नगद प्रवाहमा भएको खुद घट/(बढ)	१,१३४,२९३.८३	५४७,३४०.९१
नगद तथा नगद समानको शुरुवाती मौज्दात	४,८३७,३८६.९६	४,७९९,६२९.९१
नगद तथा नगद समानको विनिमय दरमा भएको फरक		
नगद तथा नगद समानको अन्तिम मौज्दात	**५,९७१,६८०.७९**	**५,३४६,९७०.८२**

समष्टिकृत वित्तिय विवरण

क. समष्टिकृत वासलात **(रु. हजारमा)**

विवरण	वास्तविक (समष्टिकृत)		
	२०७४/७५	२०७५/७६	२०७६/७७
सम्पत्ती			
नगद तथा नगद समान	८,२३२,२७२	१०,७८३,७९३	४,८३७,३८७
नेपाल राष्ट्र बैंकमा रहेको मौज्दात	७,३७२,२८५	८,००१,१९६	२०,०२१,०३१
बैंक तथा वित्तीय संस्थामा रहेको मौज्दात तथा लगानी	१०,१६०,२८१	११,०७८,७२९	१०,२३०,५७९
व्यूत्पन्न (डेरिभेटिभ) वित्तीय उपकरण	८,३०४,०२९	८,५३९,०५८	१०,८५९,५९८
अन्य व्यापारिक सम्पत्तिहरु	७४,५५३	४६,१८०	१९६,६९५
बैंक तथा वित्तीय सस्थालाइ प्रवााह गरेको कर्जा तथा सापटी	४,५६५,७९०	६,०५८,४९३	५,८३६,३६८
ग्राहकहरुलाई प्रवाह गरेको कर्जा तथा सापटी	१०९,०५९,३६५	१२७,५००,२४३	१४८,०५४,०७१
लगानी उपकरण	१८,५३५,०८३	२५,५४७,०७३	३३,८७०,६२४
चालू कर सम्पत्ति	५२,६१७	१४२,८९३	२५६,०९०
सहायक कम्पनीमा लगानी	-	-	-
सम्बद्ध कम्पनीमा लगानी	७९,५८६	१२६,०९३	१२८,७१५
अन्य लगानी	८,२१९	८,२१९	८,२१९
स्थिर सम्पत्ति	१,००७,७३८	१,०६६,९१०	१,३३०,१७६

साख तथा अभौतिक सम्पत्ति	५०,८७१	४२,२९५	७२,४१५
स्थगन कर सम्पत्ति	४,०३३	४,०२७	१,५१०
अन्य सम्पत्ति	२,११६,७००	२,६२९,५०४	२,४७३,२२२
कूल सम्पत्ति	**१६९,६२३,४२२**	**२०१,५७४,७०४**	**२३८,१७६,७००**
दायित्व	-	-	-
बैंक तथा वित्तीय संस्थालाई तिर्न बाँकी रकम	१,१६८,६६५	१,४१९,०४२	२,२२८,८६१
नेपाल राष्ट्र बैंकलाई तिर्न बाँकी रकम	३२,५१८	८८,४७५	५३,२८६
व्यूत्पन्न (डेरिभेटिभ) वित्तीय उपकरण	८,३५७,८६९	८,३३५,०७३	१०,७६४,२०३
ग्राहकहरुको निक्षेप दायित्व	१३४,५७१,०८३	१६२,९१०,४७८	१९०,७९५,९४५
सापटी	-	-	-
आयकर दायित्व	-	-	-
नोक्सानी व्यवस्थाहरु	-	-	-
स्थगन कर दायित्व	८०३,७५८	८५१,५३७	१,४३८,८३०
अन्य दायित्वहरु	३,७७०,४५४	४,५१०,७९२	४,७२६,०५७
जारी गरिएको ऋणपत्र	६०,०००	-	२,०३५,८७४
अन्य दायित्व उपकरणहरु	-	-	-
कूल दायित्व	**१४८,७६४,३४८**	**१७८,११५,३९६**	**२१२,०४३,०५६**
पुँजी	-	-	-
शेयर पुँजी	८,०४३,२२१	९,०११,८४५	१०,०९७,४९७
शेयर प्रिमियम	७४	७४	७४
सञ्चित मुनाफा	३,३७८,१८५	३,८६०,७८०	३,७०४,३६३
जगेडा तथा कोषहरु	९,२८८,२५२	१०,४४१,३५९	१२,१८४,२१९
बैंकको शेयरधनीहरुको कूल पूँजी	**२०,७०९,७३२**	**२३,३१४,०५९**	**२५,९८६,१५४**
नियन्त्रण नहुने स्वार्थ	१४९,३४३	१४५,२५०	१४७,४९०
कूल पुँजी	**२०,८५९,०७४**	**२३,४५९,३०८**	**२६,१३३,६४४**
कूल पुँजी तथा दायित्व	**१६९,६२३,४२२**	**२०१,५७४,७०४**	**२३८,१७६,७००**
भैपरी आउने दायित्व तथा प्रतिवद्धता	५०,७११,७३३	५८,६४४,१३६	७३,२७४,०१८
प्रति शेयर खूद सम्पत्ति	२५७.४८	२५८.७०	२५७.३५

ख. समष्टिकृत नाफा-नोक्सान हिसाव (रु. हजारमा)

विवरण	वास्तविक (समष्टिकृत)		
	२०७४/७५	२०७५/७६	२०७६/७७
ब्याज आम्दानी	११,३८६,४९८	१५,२८९,०६०	१६,४९३,१५२
ब्याज खर्च	५,०८२,७१६	८,०८२,२७९	९,४७८,४८९
खूद ब्याज आम्दानी	**६,३०३,७८२**	**७,२०६,७८१**	**७,०१४,६६३**
शुल्क तथा कमिशन आम्दानी	१,१३४,९५८	१,३४३,२६८	१,३९१,५७४
शुल्क तथा कमिशन खर्च	५७,११२	७०,५४२	६७,८२३
खूद शुल्क र कमिशन आम्दानी	**१,०७७,८४६**	**१,२७२,७२६**	**१,३२३,७५१**
खूद ब्याज, शुल्क र कमिशन आम्दानी	**७,३८१,६२८**	**८,४७९,५०७**	**८,३३८,४१४**
खूद व्यापारिक आम्दानी	३७८,४०३	४४५,४३०	४७७,३१७
अन्य सञ्चालन आम्दानी	५५२,५३९	४८५,७०८	४१६,७८१
कूल सञ्चालन आम्दानी	**८,३१२,५७०**	**९,४१०,६४६**	**९,२३२,५१२**
कर्जा तथा अन्य नोक्सानीको लागि व्यवस्था/(फिर्ता)	१७६,१७५	४०९,०२९	८५७,८०३

खूद सञ्चालन आम्दानी	**८,१३६,३९५**	**९,००१,६१७**	**८,३७४,७०९**
सञ्चालन खर्च			
कर्मचारी खर्च	१,७५०,८७२	१,९७०,५९०	२,०३३,५७३
अन्य सञ्चालन खर्च	५६२,५८२	८०३,००४	१,०८४,५५२
ह्रासकट्टी र परिशोधन	१२९,४१८	१७४,५०१	११९,३८३
सञ्चालन मुनाफा	**५,६९३,५२३**	**६,०५३,५२२**	**५,१३७,२००**
गैर सञ्चालन आम्दानी	२३,००९	२३,५१६	७,०६९
गैर सञ्चालन खर्च	६,८०५	२,३४१	२,५०५
आयकर अघिको मुनाफा	**५,७०९,७२७**	**६,०७४,६९७**	**५,१४१,७६४**
आयकर खर्च			
चालू कर खर्च	१,७००,९६९	१,८२६,३६८	१,५६८,८७३
स्थगन कर	(१२,१६८)	(७,७०४)	८३,१६१
यस अवधिको मुनाफा	**४,०२०,९२५**	**४,२५६,०३३**	**३,४८९,७३०**
मुनाफा बाँडफाँड			
बैंकका शेयरधनीहरु	४,०००,३७६	४,२४०,९२६	३,४६८,२९०
गैर नियन्त्रित स्वार्थ	२०,५४९	१५,१०७	२१,४४०
यस अवधिको मुनाफा	**४,०२०,९२५**	**४,२५६,०३३**	**३,४८९,७३०**

ग. समष्टिकृत नगद प्रवाह विवरण (रु. हजारमा)

विवरण	वास्तविक (समष्टिकृत)		
	२०७४/७५	२०७५/७६	२०७६/७७
कारोवार संचालनबाट नगद प्रवाह			
व्याज प्राप्त	११,२५७,०५९	१५,०२५,५१२	१६,०२८,६३५
शुल्क तथा अन्य प्राप्ती	१,१६७,९००	१,४३६,२२१	१,३९६,४४०
लाभांश प्राप्त	–	–	–
अन्य कारोवार संचालनबाट प्राप्ती	८५०,१७७	९०३,७८०	८३४,५६२
व्याज भुक्तानी	(५,०५८,३९०)	(८,०८२,३६५)	(९,४३७,७८६)
कमिशन तथा शुल्क भुक्तानी	(४८,५८४)	(६३,९६१)	(६२,७५१)
कर्मचारीहरुलाई नगद भुक्तानी	(१,६२२,६७०)	(१,८२१,०९९)	(२,१३९,६४९)
अन्य खर्च भुक्तानी	(५७७,९१५)	(८११,९२५)	(१,०९१,८३२)
संचालन सम्पत्ति र दायित्वको घटबढ अघिको संचालन नगद प्रवाह	**५,९६७,५७७**	**६,५८६,१६१**	**५,५२७,६१९**
संचालन सम्बन्धी चालु सम्पत्तिमा घट/(बढ)			
नेपाल राष्ट्र बैंकबाट बाँकी रकममा	(१,४४७,७१५)	(६२८,९११)	(१२,०१९,८३५)
बैंक तथा वित्तीय संस्थाहरुमा रहेको मौज्दातमा	१०,३५४,४२४	(९१८,४४८)	८४८,१४९
अन्य व्यापारिक सम्पत्तिमा	(२८,१०६)	२५,४६१	(१४१,२८५)
बैंक तथा वित्तीय संस्थाहरुलाई दिइएको कर्जा तथा सापटीमा	(१,२५६,०२८)	(१,५०७,७८१)	२२४,३६८
ग्राहकलाई दिइएको कर्जा तथा सपटीमा	(१९,९४५,४१७)	(१८,६३४,७४३)	(२०,९४८,०३३)
अन्य सम्पत्तिमा	(८,७६५,६७८)	(७३८,४३१)	(२,१६२,९१५)
चालु दायित्वमा कमी/वृद्धि			
बैंक तथा वित्तीय संस्थाहरुलाई दिनु पर्ने बाँकी रकममा	(३,३३५,९९७)	२५०,३७७	८०९,८१९
नेपाल राष्ट्र बैंकलाई दिनु पर्ने बाँकी रकममा	१९,१३३	५५,९५७	(३५,१८९)
ग्राहकको निक्षेपमा	१७,३३८,४५८	२८,३३१,३९४	२७,८७७,४६८

ऋण सापटीमा	–	–	–
अन्य दायित्वमा	९,०६०,१६१	(५२८,३८४)	३,५०२,६०३
आयकर अगाडीको कार्यगत गतिविधिबाट खुद नगद प्रवाह	**७,९६०,८११**	**१२,२९२,६५४**	**३,४८२,७६८**
आयकर भुक्तानी	(१,८९०,५२०)	(१,९१५,६०४)	(१,६८१,०२९)
कार्यगत गतिविधिबाट खुद नगद प्रवाह	**६,०७०,२९२**	**१०,३७७,०५०**	**१,८०१,७३९**
लगानी कारोवारमा नगद प्रवाह			
धितोपत्र खरिद	(३,२१७,५१०)	(६,७१७,१४७)	(६,६६८,५६९)
धितोपत्र बिक्री	–	–	–
स्थिर सम्पत्तिको खरिद	(३२३,८३६)	(२२९,९४४)	(३७८,२३०)
स्थर सम्पत्तिको बिक्री	१८,५१५	१४,६१३	१४,६५८
अभौतिक सम्पत्तिको खरिद	(४,३४४)	(६,७११)	(४७,५१९)
अभौतिक सम्पत्तिको बिक्री	–	–	–
अन्य लगानी खरिद	(८,२१९)	–	–
अन्य लगानी बिक्री	–	–	–
व्याज आम्दानी	–	–	–
लाभांश	११८,२७६	७६,९६५	८१,१५८
लगानी कारोवारमा प्रयोग भएको खुद नगद	**(३,४१७,११७)**	**(६,८६२,२२४)**	**(६,९९८,५०२)**
वित्तीय श्रोत कारोवारबाट नगद प्रवाह	–	–	–
ऋणपत्र निष्काशनबाट प्राप्त	–	–	२,०००,०००
ऋणपत्रको भुक्तानी	(२४०,०००)	(६०,०००)	–
असुरक्षित दायित्वको निष्काशनबाट प्राप्ती	–	–	–
असुरक्षित दायित्वमा भएको भुक्तानी	–	–	–
शेयर निष्काशनबाट प्राप्त	–	–	–
लाभांश भुक्तानी	(१,४५७,४१६)	(९०३,०२६)	(२,७४९,६४२)
व्याज भुत्तानी	(२५,३५४)	(२७९)	–
अन्य प्राप्ती/भुक्तान	–	–	–
वित्तीय श्रोत कारोवारबाट खुद नगद	**(१,७२२,७७०)**	**(९६३,३०६)**	**(७४९,६४२)**
नगद प्रवाहमा भएको खुद घट/(बढ)	९३०,४०५	२,५५१,५२१	(५,९४६,४०६)
नगद तथा नगद समानको शुरुवाती मौज्दात	७,३०१,८६७	८,२३२,२७२	१०,७८३,७९३
नगद तथा नगद समानको विनिमय दरमा भएको फरक	–	–	–
नगद तथा नगद समानको अन्तिम मौज्दात	**८,२३२,२७२**	**१०,७८३,७९३**	**४,८३७,३८७**

विगत तीन वर्षको (समष्टिकृत) प्रति शेयर आम्दानी (अर्निङ्ग पर शेयर) र प्रति शेयर नेटवर्थ सम्बन्धी विवरण:

विवरण	वास्तविक		
	२०७४/७५	२०७५/७६	२०७६/७७
शेयर सङ्ख्या	८०,४३२,२१०	९०,११८,४५४	१००,९७४,९७४
प्रति शेयर नेटवर्थ (रु).	२५७.४८	२५८.७०	२५७.३५
प्रति शेयर आम्दानी (EPS)	५२.३४	५०.७७	३६.४४

६. योजना व्यवस्थापक सम्बन्धी विवरण :

६.१ योजना व्यवस्थापकको परिचय :

(क) **योजना व्यवस्थापकको नाम :** श्री नबिल इन्भेष्टमेन्ट बैंकिङ्ग लिमिटेड ।

(ख) **योजना व्यवस्थापक स्थापित भएको ऐन/नियम सम्बन्धी विवरण:**
योजना व्यवस्थापक कम्पनी: श्री नबिल इन्भेष्टमेन्ट बैंकिङ्ग लिमिटेड कम्पनी ऐन, २०६३ अन्तर्गत मिति २०६६/१०/२४ मा नेपाल सरकार, उद्योग मन्त्रालय, कम्पनी रजिष्ट्रारको कार्यालयमा दर्ता भई धितोपत्र सम्बन्धी ऐन, २०६३ अन्तर्गत धितोपत्र व्यवसायी: मर्चेन्ट बैंकरको रुपमा कार्य गर्न नेपाल धितोपत्र बोर्डबाट मिति २०६७/०१/१३ मा अनुमतिपत्र प्राप्त गरी संचालनमा आएको हो ।

(ग) **योजना व्यवस्थापकको रजिष्टर्ड ठेगाना :**
रजिष्टर्ड (केन्द्रीय) कार्यालय काठमाडौँ जिल्ला, काठमाडौँ महानगरपालिका ।

(घ) **योजना व्यवस्थापकको स्थापनाकाल देखि हालसम्मको संक्षिप्त इतिहास :**
नबिल इन्भेष्टमेन्ट बैंकिङ्ग लिमिटेड कम्पनी ऐन, २०६३ अन्तर्गत मिति २०६६/१०/२४ मा नेपाल सरकार, उद्योग मन्त्रालय, कम्पनी रजिष्ट्रारको कार्यालयमा दर्ता भई भएको हो । कम्पनीले धितोपत्र सम्बन्धी ऐन २०६३ अन्तर्गत धितोपत्र व्यवसायी (मर्चेन्ट बैंकर) को रुपमा कार्य गर्न नेपाल धितोपत्र बोर्डबाट मिति २०६७/०१/१३ मा अनुमतिपत्र प्राप्त गरी सेाही मितिबाट मर्चेन्ट बैंकिङ्ग सेवा प्रदान गर्दै आएको छ । कम्पनीले आफ्नो स्थापना वर्षमा धितोपत्र निष्काशन तथा बिक्री प्रबन्धकको रुपमा विभिन्न संघ संस्थाहरुको धितोपत्रको सार्वजनिक निष्काशन कार्य गरेकोमा हाल कम्पनीले सोको अलावा आफूले प्रदान गर्ने सेवालाई विविधीकरण गर्दै शेयर प्रत्याभूती सेवा, शेयर रजिष्ट्रार सेवा, लगानी व्यवस्थापन सेवा तथा वित्तीय परामर्श सेवासमेत प्रदान गर्दै आइरहेको छ । साथै यस कम्पनीले मिति २०६९/०५/२७ मा नेपाल धितोपत्र बोर्डबाट योजना व्यवस्थापक तथा डिपोजिटरीको कार्य गर्ने अनुमति प्राप्त गरी नबिल म्युचुअल फण्ड अन्तर्गतको पहिलो योजना नबिल ब्यालेन्सड् फण्ड १ को योजना व्यवस्थापक/डिपोजिटरीको रूपमा समेत कार्य गरेको र सो योजना सफलतापूर्वक समापन गरी दोस्रो योजना नबिल इक्वीटी फण्ड को विगत ४ बर्षदेखि योजना व्यवस्थापक/डिपोजिटरीको रूपमा कार्य गरिरहेको छ भने तेस्रो योजना नबिल ब्यालेन्सड् फण्ड २ को विगत २ बर्षदेखि योजना व्यवस्थापक/डिपोजिटरीको रूपमा समेत कार्य गरिरहेको छ ।

(ङ) **योजना व्यवस्थापकका प्रमुख उद्देश्यहरु :**
प्रचलित धितोपत्र सम्बन्धी कानुन र अन्य कानुनको अधिनमा रहि धितोपत्र व्यवसायीको रुपमा इन्भेष्टमेन्ट बैकिङ्ग, मर्चेन्ट बैकिङ्ग लगायत पुँजी बजारसँग सम्बन्धित विभिन्न कारोवार तथा अन्य कारोवार गर्ने योजना व्यवस्थापकको उद्देश्यहरु देहाय बमोजिम रहने छ:

प्रबन्धपत्रमा उल्लेख भए बमोजिम योजना व्यवस्थापकका प्रमुख उद्देश्यहरु देहाय बमोजिम रहेका छन् :

१. कम्पनीका शेयरधनीको हक हितको संरक्षण र सम्बर्द्धन गर्ने ।
२. लगानीकर्ताहरुलाई धितोपत्र व्यवसायीको रूपमा गुणस्तरीय तथा भरपर्दो सेवा उपलब्ध गराउने ।
३. लगानीकर्ताहरुको पूँजी बजारतर्फको विश्वसनियता अभिबृद्धि गर्न आवश्यक कार्य सञ्चालन गर्ने ।
४. नयाँ तथा हाल कायम पूँजी बजारसँग सम्बन्धित सेवाको विकास/विस्तार गर्न नेपाल धितोपत्र बोर्डसँग आवश्यक समन्वय गर्ने तथा आवश्यकतानुसार स्वीकृति प्राप्त गरी उच्चस्तरीय सेवा प्रदान गर्ने ।
५. उपलब्ध शीप, श्रम तथा पूँजीलाई उचित परिचालन गरी ग्रामीण तथा शहरी क्षेत्रमा पूँजी बजारसँग सम्बद्ध सुविधाहरु उपलब्ध गराउन आवश्यक वित्तीय साधन, प्राविधिक तथा व्यवस्थापकीय परामर्श सेवा, तालिम तथा प्रविधि उपलब्ध गराई देशमा पूँजी बजारको समग्र विकासका लागि सक्रिय रुपमा संलग्न भई सहयोग पुऱ्याउने ।

६.२ योजना व्यवस्थापकको भावी योजना तथा रणनीति

(क) **व्यवसाय/ सेवा बृद्धिका लागि योजना व्यवस्थापकको भावी योजना र त्यस्तो योजनाको प्राप्तिका लागि चालिने समयवद्ध रणनीति :**
कम्पनीले हाल नबिल म्युचुअल फन्ड अर्न्तगत दोस्रो र तेस्रो योजनाहरु व्यवस्थापन गरिरहेको छ र यसका अतिरिक्त अन्य सामुहिक लगानी कोष योजनाहरु सञ्चालनमा ल्याउनेछ । कम्पनीले हाल निक्षेप सदस्यता तथा शेयर रजिष्ट्रेसन सेवा, लगानी व्यवस्थापन, निष्काशन व्यवस्थापन तथा धितोपत्र प्रत्याभुती, संस्थागत परामर्श लगायतका सेवाहरु प्रदान गर्दै आइरहेको तथा बोर्डको अनुमति लिई धितोपत्र सम्बन्धी अन्य व्यवसायहरु गर्ने योजना रहेको छ ।

उपर्युक्त सेवाहरुलाई अझ व्यापक र प्रभावकारी बनाउदै अन्तराष्ट्रिय स्तरका इन्भेष्टमेन्ट बैंकहरुले प्रदान गर्ने सेवाहरु Private Equity, Venture Capital तथा अन्य Advisory Services लाई नेपालको आवश्यकतानुरुप परिमार्जन गर्दै आफ्ना ग्राहकहरुलाई आगामी दिनहरुमा उच्चस्तरिय सेवा प्रदान गर्दै जाने योजना रहेको छ । त्यसैगरी लगानी व्यवस्थापन सेवा (Portfolio Management Service) लाई अझ विस्तार गरी ग्राहक आधार र व्यवस्थापन गरने रकम दुबै बृद्धि गर्दै जाने कम्पनीको नीति रहेको छ । साथै नबिल बैंकसंग सहकार्य गरी निक्षेप सदस्य तथा लगानी व्यवस्थापन सेवाहरु नबिल बैंकका शाखाहरुबाट समेत प्रदान गर्ने व्यवस्था शुरु भईसकेको छ जसका लागि आवश्यक पुर्वाधारको तयारी तथा कर्मचारीको भर्ना, छनौट तथा तालिम समेत सम्पन्न भईसकेको छ । कम्पनीले शिघ्र धितोपत्र बोर्डबाट स्वीकृति प्राप्त गरि विशिष्टीकृत लगानी कोष संचालनमा ल्याउने योजना राखेको छ । कम्पनीले समय सापेक्ष आफनो प्रविधि सुधार गरी नेपाल भर आफनो सेवा विस्तार गर्ने तथा इन्भेष्टमेन्ट बैंकिङ्ग क्षेत्रमा विविध नयाँ सेवा प्रदान गर्दै जाने रणनीति लिएको छ ।

(ख) प्रतिस्पर्धा, विद्यमान आर्थिक स्थिति र समान किसिमको उद्योगको स्थितिको आधारमा योजना व्यस्थापकको व्यवसायको भविष्य :

बजारमा संस्थागत लगानीकर्ताको न्यून सहभागिता रहेको बर्तमान अवस्थामा यसले धितोपत्र बजार मुल्यमा आउन सक्ने अस्वभाविक उतार चढावलाई सन्तुलनमा ल्याउने तथा जनसाधारणको लगानीलाई उचित तवरले व्यवस्थापन गरी उचित प्रतिफल प्रदान गर्न र सोबाट धितोपत्र बजारमा जनसाधारणको सहभागिता अभिबृद्धि गरी समस्त धितोपत्र बजारको विकासमा सहयोग पुऱ्याउनेछ । यस कम्पनीले आफ्नो क्षेत्रमा प्रतिस्पर्धी रहन आवश्यक रणनीति तयार गरेको छ ।

कम्पनीले आफ्नो लगानीमा रहेका जोखिमहरु कम गरी पूँजी बजारमा महत्वपूर्ण स्थान लिएको छ । पुँजी परिचालन प्रक्रिया, लगानी उपकरण तथा कम्पनीहरुको छनौट, निरन्तर बजार विश्लेषण, जोखिम व्यवस्थापन नीति लगायत विभिन्न व्यवस्थापकीय र रणनीतिक कुशलताका साथै प्राविधिक तथा व्यवसायिक दक्षताको उपच योजना व्यवस्थापक, नेपालको अग्रेणी मर्चेन्ट बैंकरको हैसियतमा उभिन सफल रहेको छ । कम्पनीले व्यवसाय तथा कार्यक्षेत्र विस्तार, आयमिक सोचका साथ अन्तराष्ट्रिय स्तरको सेवा प्रवाह योजनाका साथ यस प्रकारको व्यवसायमा व्यवसायिक तथा प्रतिस्पर्धि संस्थाको रूपमा अघि बढ्ने रणनीति लिएको छ ।

६.३ योजना व्यवस्थापकको सञ्चालक समितिको संरचना र प्रतिनिधित्व सम्बन्धी व्यवस्था :

कम्पनीको सञ्चालक समितिको संरचना तथा प्रतिनिधित्व देहाय बमोजिम रहेको छ :

क्र.सं.	विवरण	सङ्ख्या
१	क समूहका शेयरधनी श्री नबिल बैंक लिमिटेडबाट प्रतिनिधि	२ जना
२	ख समूहका शेयरधनी श्री सि.जि.फिन्को लि. बाट प्रतिनिधि	२ जना
३	स्वतन्त्र व्यवसायिक सञ्चालक	२ जना
जम्मा		**६ जना**

क र ख समूहको हकमा सम्बन्धित संस्थाहरुबाट मनोनित हुने र स्वतन्त्र व्यवसायिक सञ्चालकको नियुक्ति समितिले गर्ने प्रावधान रहेको छ ।

६.४ योजना व्यवस्थापकको पूँजी संरचना (अधिकृत पूँजी, जारी पूँजी तथा चुक्ता पूँजी) सम्बन्धी जानकारी

क) अधिकृत पूँजी: रु. २०,००,००,०००।- (अक्षरेपी बीस करोड) रु १०० अकिंत दरका २०,००,००० कित्ता शेयरमा विभाजित
ख) जारी पूँजी : रु. २०,००,००,००० ।- (अक्षरेपी बीस करोड) रु १०० अकिंत दरका २०,००,००० कित्ता शेयरमा विभाजित
ग) चुक्ता पूँजी : रु. २०,००,००,०००।- (अक्षरेपी बीस करोड) रु १०० अकिंत दरका २०,००,००० कित्ता शेयरमा विभाजित

६.५ योजना व्यवस्थापकको संस्थापक तथा सञ्चालक सम्बन्धी जानकारी

(क) संस्थापक शेयरधनीहरुको नाम, ठेगाना, राष्ट्रियता, शेयर स्वामित्व (चुक्ता पूँजीको आधारमा), शैक्षिक योग्यता र अनुभव :

क्र.सं.	नाम	ठेगाना	राष्ट्रियता	शेयर स्वामित्व (चुक्ता पूँजीको आधारमा)	चुक्ता पूँजी रकममा रु.	शेयरधनी किसिम	शैक्षिक योग्यता	अनुभव
१	श्री नबिल बैंक लिमिटेड	तीनधारा, काठमाडौँ	नेपाली	५२ प्रतिशत	१०,४०,००,०००	संस्थापक	लागू नहुने	लागू नहुने
२	श्री सि.जी.फिन्को लि.	सानेपा, ललितपुर	नेपाली	४८ प्रतिशत	९,६०,००,०००	संस्थागत	लागू नहुने	लागू नहुने

(ख) सञ्चालकहरुको नाम, पद, उमेर, ठेगाना, राष्ट्रियता, शैक्षिक योग्यता र अनुभव :

क्र.सं.	नाम	पद	उमेर (वर्ष)	ठेगाना	राष्ट्रियता	शैक्षिक योग्यता	अनुभव
१	श्री वरुण चौधरी (सि.जि. फिन्को लि. को तर्फबाट)	अध्यक्ष	३५	सानेपा, ललितपुर	नेपाली	एमबिए	चौधरी ग्रुप (CG) अर्न्तगत Cinnovation Incorporated मा सन् २०१२ देखि कार्यकारी निर्देशकको रुपमा कार्यरत
२	श्री आदर्श बजगाई (नबिल बैंक लि. को तर्फबाट)	उपाध्यक्ष	४४	बिनायक ७, काठमाण्डौं	नेपाली	एमबिए	• स्ट्यान्डर्ड चार्टर्ड बैंक नेपालमा विभिन्न तहमा रहि १६ वर्ष भन्दा बढीको कार्य अनुभव • नबिल बैंक लि.मा विगत २ बर्ष देखि नायब महाप्रबन्धकको रुपमा कार्यरत
३	श्री गणेश प्रसाद अवस्थी (नबिल बैंक लि. को तर्फबाट)	सञ्चालक	४३	बुढानिलकण्ठ, काठमाण्डौं	नेपाली	एमबिएस	• कुमारी बैंक लिमिटेडमा विभिन्न तहमा रहि ४ वर्षको कार्य अनुभव • ग्लोबल आईएमई बैक लिमिटेडमा विभिन्न तहमा रहि १२ वर्ष भन्दा बढी कार्य अनुभव • नबिल बैंक लि.मा विगत १ बर्ष देखि सहायक महाप्रबन्धकको रुपमा कार्यरत
४	श्री सञ्जय पोखरेल (सि.जि. फिन्को लि. को तर्फबाट)	सञ्चालक	३१	दशरथ चन्द, काठमाण्डौं	नेपाली	सिए सिएफए	• ७ वर्षभन्दा बढि वित्त व्यवस्थापन, लेखा, लेखापरिक्षण, वित्तिय परामर्श सम्बन्धी विविध क्षेत्रमा कार्य अनुभव • ग्लोबल आईएमइ क्यापिटलमा सहायक प्रबन्धकको रुपमा करिब ३ वर्षको कार्यअनुभव • Rock start Impact Nepal मा Business Analyst को रुपमा करिब १ वर्षको कार्यअनुभव

							• चौधरी ग्रुप (CG) मा बरिष्ठ प्रबन्धकको रुपमा सन् २०१९ देखि कार्यरत
५	श्री भरत अधिकारी (स्वतन्त्र व्यवसायिक सञ्चालक)	सञ्चालक	६६	सैबु, ललितपुर	नेपाली	स्नातकोत्तर	• नेपाल सरकार निजामती तथा सिभिल सेवामा रहि २५ वर्ष भन्दा बढीको कार्यअनुभव • नेपाल स्टक एक्सचेञ्ज लि., नेपाल धितोपत्र बोर्ड, कर्मचारी संचय कोष लगायतका संस्थाहरुमा संचालक तथा विभिन्न समितिहरुको पदाधिकारीको रुपमा कार्यअनुभव
६	श्री शंकर प्रसाद पाण्डे (स्वतन्त्र व्यवसायिक सञ्चालक)	सञ्चालक	६८	बुढानिलकण्ठ, काठमाण्डौं	नेपाली	स्नातकोत्तर	• नेपाल सरकारका पुर्व सचिव • निजामती तथा सिभिल सेवामा रहि ३० वर्ष भन्दा बढीको कार्यअनुभव • सार्वजनिक खरिद पुनरावलोकन समिति का पुर्व अध्यक्ष • नबिल बैंक लि.का पुर्व संचालक

(ग) संस्थापकहरु कुनै कम्पनी/ संस्था भएमा त्यस्तो कम्पनी/संस्थाको नाम तथा ठेगाना, कम्पनीले गर्ने व्यवसाय तथा उक्त कम्पनी/संस्थाका सञ्चालकहरुको नाम, ठेगाना, (प्राकृतिक व्यक्ति नखुलेसम्म) :

सि.नं.	संस्थापक/संस्थागत कम्पनीको नाम तथा ठेगाना	व्यवसाय	सञ्चालकहरुको		
			नम	पद	ठेगाना
१.	श्री नबिल बैंक लि., नबिल सेन्टर, वीना मार्ग, दरबारमार्ग, काठमाडौं (संस्थापक शेयरधनी)	बैंकिङ्ग	श्री उपेन्द्र प्रसाद पौड्याल	अध्यक्ष	काठमाडौं
			श्री निर्वाण कुमार चौधरी	उपाध्यक्ष	काठमाडौं
			श्री महेश राज पन्त	सञ्चालक	काठमाडौं
			श्री मलय मुखर्जी	सञ्चालक	भारत
			श्री आशा राणा अधिकारी	स्वतन्त्र सञ्चालक	काठमाडौं
२	श्री सि.जी.फिन्को लि. सानेपा, ललितपुर (संस्थागत शेयरधनी)	वित्तीय सेवा	श्री निर्वाण कुमार चौधरी	अध्यक्ष	काठमाडौं
			श्री राहुल चौधरी	सञ्चालक	काठमाडौं
			श्रीमती सारिका चौधरी	सञ्चालक	काठमाडौं
			श्रीमती आश्रयता कार्की चौधरी	सञ्चालक	ललितपुर
			श्री गजानन प्रसाद साह कलवार	सञ्चालक	कलैया, बारा
			श्री मनोहर पाध्ये	सञ्चालक	ज्ञानेश्वर, काठमाडौं
			श्री महेशराज पन्त	सञ्चालक	पक्नाजोल-१६

(घ) सँगठित संस्थाको सञ्चालक अन्य कुनै कम्पनी/सस्थासंग आवद्ध भए त्यस्तो सञ्चालक र आवद्ध भएको कम्पनी/संस्थाको नाम तथा ठेगाना :

क्र.सं.	सञ्चालकको नाम	आवद्ध अन्य सस्थाको नाम तथा ठेगाना	प्द
१	श्री वरुण चौधरी	सि.जि. कोर्प	कार्यकारी निर्देशक
२	श्री भरत अधिकारी	सो नभएको ।	-

३	श्री आदर्श बजगाई	नबिल बैंक लिमिटेड	प्रमुख- अन्तर्राष्ट्रिय व्यापार तथा रणनीतिक विस्तार
४	श्री गणेश प्रसाद अवस्थी	नबिल बैंक लिमिटेड	प्रमुख व्यवसायिक अधिकृत/एसएमई/रिटेल तथा मार्केटिङ्ग
५	श्री सञ्जय पोखरेल	सि.जि. कोर्प	प्रबन्धक
६	श्री शंकर प्रसाद पाण्डे	सो नभएको ।	-

(ङ) सञ्चालकहरुलाई दिइएको भत्ता तथा पारिश्रमिक सम्बन्धी विवरण :

सञ्चालकहरुलाई दिइने भत्ता तथा पारिश्रमिक सम्बन्धमा नियमावलीको नियम ३१ मा देहाय अनुसारको व्यवस्था रहेको छ :

प्रचलित कानुनको अधीनमा रही योजना सञ्चालन गर्न योजनाको विवरण पुस्तिकाको अध्ययन गरी स्वीकृतीका लागि पठाउन अनुमोदन गर्ने, योजना व्यवस्थापकले प्रचलित कानुन तथा सम्झौता बमोजिम कोषको व्यवस्थापन गरेको छ भन्ने कुरा सुनिश्चित गर्ने, सहभागीको हित संरक्षण गर्ने, योजना व्यवस्थापक तथा डिपोजिटरीको काम कारवाहीको सुपरिवेक्षण गर्ने, योजनाको खुद सम्पत्ति मूल्यको जाँच गर्ने, योजना अर्न्तगतका सम्पत्ति तथा कागजातहरु सुरक्षित साथ राखिए नराखिएको सुपरिवेक्षण गर्ने, बोर्डबाट स्वीकृत योजना बमोजिम योजना सञ्चालन भए नभएको सुपरिवेक्षण गर्ने, योजना व्यवस्थापकले राखेको अभिलेख दुरुस्त रहे नरहेको सुपरिवेक्षण गर्ने, योजना सम्बन्धमा प्राप्त गुनासाहरु समाधान भए नभएको सुपरिवेक्षण गर्ने, योजना व्यवस्थापन सम्बन्धी प्रतिवेदन तयार गरी समय समयमा बोर्डमा पेश गर्ने, योजना व्यवस्थापकसँग योजना व्यवस्थापकले गरेको काम कारवाही बारे कुनै विवरण वा जानकारी माग गर्न सक्ने, माग गरिएको विवरण वा जानकारीबाट वा अन्य कुनै श्रोतबाट योजना व्यवस्थापकको काम कारवाहीमा अनियमितता देखिएमा वा काम कारवाही सन्तोषजनक नदेखिएमा त्यस्तो काम कारवाही रोक्न वा सन्तोषजनक रुपमा सम्पादन गर्न योजना व्यवस्थापकलाई निर्देशन दिन सक्ने, दिइएको निर्देशन योजना व्यवस्थापकले पालना नगरेमा सोको जानकारी बोर्डलाई दिने, योजना व्यवस्थापकले ऐन वा नियमावलीको उल्लङ्घन गरेमा वा आफ्नो निर्देशन बारम्बार उल्लङ्घन गरेमा योजना व्यवस्थापक परिवर्तन गर्ने आदेश जारी गर्न बोर्डलाई अनुरोध गर्न सक्ने लगायतको भूमिका कोष सुपरिवेक्षकबाट निर्वाह हुनेछ ।

७.४ कोष प्रबर्द्धक र कोष सुपरिवेक्षक बीचको सम्झौताका मुख्य मुख्य बुँदाहरु :

१. कोष प्रबर्द्धक तथा कोष सुपरिवेक्षकले नियमावलीको अधीनमा रही व्यावसायिक ढङ्गले आफ्नो दायित्व निर्वाह गर्ने ।
२. कोष सुपरिवेक्षकको प्रशासनिक लगायत अन्य कार्यका लागि कोष प्रबर्द्धकको सचिवालय उपलब्ध हुने ।
३. कोष सुपरिवेक्षकको बैठकका लागि कोष प्रबर्द्धकले आफ्नो कार्यालयमा बैठक कक्ष उपलब्ध गराउने ।
४. प्रत्येक योजनाको निमित्त कोष सुपरिवेक्षकको मासिक कम्तिमा एउटा बैठक तोकिएको कार्यविधि अनुसार बस्नुपर्ने । सो बैठकमा यथासम्भव प्रत्येक सुपरिवेक्षकहरुको उपस्थिति हुनुपर्ने । यदि कोष सुपरिवेक्षक कुनै बैठकमा उपस्थित हुन नसक्ने अवस्था आएमा सुपरिवेक्षकबाट सोको जानकारी सभा अघि नै कोष सुपरिवेक्षकहरुमध्येबाट चुनिएको संयोजकलाई पूर्व जानकारी दिनुपर्ने वा संयोजकको पूर्व स्वीकृति लिनुपर्ने ।
५. कोष सुपरिवेक्षकले आफू आवद्ध भएका अन्य कम्पनी, संस्था, वित्तीय मध्यस्त वा अन्य कुनै पनि संस्थासँग नबिल म्यूचुअल फण्ड सम्बन्धी विषयमा निकट सम्बन्ध कायम नगर्ने ।
६. कोष सुपरिवेक्षकले आफ्नो स्वार्थ रहेको विषयको छलफलमा बैठकमा सहभागिता नजनाउने ।
७. कोष सुपरिवेक्षकले कोष प्रबर्द्धकलाई कुनै पनि कम्पनी (नबिल बैंक तथा सोको सहायक कम्पनी सहित) मा आफ्नो स्वार्थ रहने / बाझिने भएमा सोको पूर्व जानकारी गराउनुपर्ने ।
८. कोष सुपरिवेक्षकले हरेक योजनालाई सुपरिवेक्षण गरे बापत योजनाको खुद सम्पत्ति मूल्यको अधिकतम ०.२% (वार्षिक) सम्मको सेवा शुल्क वार्षिक रुपमा नियमावलीमा भएको व्यवस्था बमोजिम प्राप्त गर्ने र सो प्राप्त शुल्कको ३% रकम कोष सुपरिवेक्षकले प्रत्येक क्रैमास समाप्त भएको ३० दिनभित्र बोर्डमा जम्मा गर्नुपर्ने । यस योजनाको निमित्त नियुक्त कोष सुपरिवेक्षकलाई प्रति बैठक रू. २०,०००/- मात्र रहेको ।
९. सम्झौताको अवधि पाँच वर्षको रहेको र एक पक्षले अर्को पक्षलाई तोकिएको समयावधि भन्दा पहिले सम्झौता खारेज गर्न ३० दिनको पूर्व जानकारी नगराएमा सम्झौता थप पाँच वर्षका लागि कायम रहने ।
१०. कोष सुपरिवेक्षकले ३० दिनको पूर्व लिखित जानकारी कोष प्रबर्द्धकलाई दिई सम्झौता रद्द गर्न सक्ने ।
११. कोष प्रबर्द्धकले सम्झौता रद्द गर्नुको कारण (सम्झौता अनुरुप कार्य नगरेको वा प्रचलित कानुन विपरित कार्य गरेको) खुलाई ३० दिनको पूर्व लिखित जानकारी कोष सुपरिवेक्षकलाई दिई सम्झौता रद्द गर्न सक्ने ।
१२. दुबै पक्षले योजनासँग सम्वद्ध सूचना तथा जानकारीको गोपनीयता प्रचलित नियम कानुनले माग गरेबमोजिम कायम राख्नुपर्ने ।
१३. कुनै पक्षले सम्झौताको पालना नगरेमा बोर्डले सोको पालना गराउन सक्ने ।
१४. सम्झौतामा उल्लेखित विषयहरुमा कुनै विवाद उत्पन्न भएमा दुवै पक्ष बीच आपसी समझदारीबाट समाधान गरिने र आपसी समझदारीबाट समेत विवादको समाधान हुन नसक्ने अवस्था सृजना भएमा मध्यस्तकर्ताको सहभागितामा समाधान गरिने ।
१५. सम्झौतापत्रमा उल्लेख भएका शर्तहरु बोर्डको पूर्वस्वीकृति लिएर मात्र दुवै पक्षको आपसी समझदारीमा संशोधन हुन सक्ने ।
१६. नबिल म्युचुअल फन्डसँग आवद्द रहँदासम्म अन्य कुनै म्युचुअल फन्डमा कोष सुपरिवेक्षकको क्षमतामा आवद्द नरहने ।

८ योजना सम्बन्धी जानकारी :

८.१ योजना सम्बन्धी विवरण

(क)	क	योजनाको नाम	नबिल ब्यालेन्सड् फण्ड ३ (Nabil Balanced Fund III)
	ख	योजनाको आकार	रु. १,००,००,००,०००।- (एक अर्ब)
	ग	योजनाको प्रकार	बन्दमुखी (Close-end)
(ख)	क	निष्काशन गर्न लागिएको इकाई सङ्ख्या	१०,००,००,००० (दश करोड)
	ख	प्रति इकाई मूल्य	रु. १०/- (अक्षरेपी दश)
	ग	न्यूनतम बिक्री हुनुपर्ने इकाई सङ्ख्या	५,००,००,००० (पाँच करोड)
	घ	अधिकतम सकारिने इकाई सङ्ख्या	१२,५०,००,००० (बाह्र करोड पचास लाख)
	ङ	योजनाको अवधि	१० वर्ष
	च	योजना परिपक्व हुने मिति	योजनाको इकाई बाँडफाँट भएको मितिले १० वर्ष ।
	छ	सूचीकरण तथा दोस्रो बजार कारोवार व्यवस्था	इकाईहरु नेपाल स्टक एक्सचेन्ज लि.मा सूचिकृत गरी कारोवारको व्यवस्था गरिने ।
	ज	योजनाको दर्ता तथा हस्तान्तरण गर्न नियुक्त डिपोजिटरीको नाम र ठेगाना	योजना व्यवस्थापक कम्पनीले नै डिपोजिटरीको कार्य गर्ने । सो कार्य कम्पनीको नक्साल स्थित कार्यालयबाट प्रदान गरिने ।

८.२ योजनाको उद्देश्य :

इकाई बिक्रीबाट सङ्कलित रकम योजना व्यवस्थापकले दक्षतापूर्वक योजनाले तोकेको लगानीका क्षेत्रहरुमा लगानी गरी आवेदकहरुलाई उच्च प्रतिफल दिई धितोपत्र बजारको दिगो विकासमा समेत एक संस्थागत लगानीकर्ताको हैसियतमा सघाउ पुऱ्याउने उद्देश्यले यस योजनाको इकाईहरु निष्काशन गरिएको हो ।

८.३ योजनाले लगानी गर्ने क्षेत्र :

नियमावली एवं निर्देशिकाको अधीनमा रही योजनाको रकम देहाय बमोजिम लगानी हुनेछ :

क्र.स.	लगानी गर्ने क्षेत्रहरु	लगानी गर्न सकिने अधिकतम प्रतिशत
१	सार्वजनिक निष्काशन भएको धितोपत्र तथा धितोपत्र विनियम बजारमा सूचीकृत धितोपत्र ।	३५-७५
२	मुद्दति निक्षेप/ऋणपत्र/वण्ड ।	२० - ४५
३	नगद तथा नगद समान / कल निक्षेप ।	५-२०
४	बोर्डबाट स्वीकृति लिई लगानी गरिने अन्य क्षेत्रहरुमा	स्वीकृति प्राप्त भएअनुरुप

माथि उल्लेखित लगानी सामूहिक लगानी कोष नियमावली, २०६७ को अधिनमा रहि हुनेछ तथा नेपाल धितोपत्र बोर्डले सो परिवर्तन गरेमा सोही को अधिनमा रहि परिवर्तन हुनेछ ।

८.३.१ विदेशमा लगानी गर्ने भए सो सम्बन्धी व्यवस्था :

यस योजनाको रकमलाई हाल विदेशमा लगानी गर्ने कुनै योजना नरहेको भएतापनि भविष्यमा उपलब्ध अवसरको अध्ययन गरी नियामक निकायबाट आवश्यक स्वीकृति लिई नियमावलीको व्यवस्था बमोजिम विदेशमा लगानी गर्न सकिने ।

८.३.२ योजनाको लगानीमा स्वार्थ बाझिने कार्य (Conflict of Interest) को व्यवस्थापनः

नबिल म्युचुअल फण्ड अर्न्तगत संचालन हुने प्रत्येक योजनाको दक्ष लगानी व्यवस्थापन तथा स्वार्थ बाझिने कार्यको (Conflict of Interest) व्यवस्थापनको दृष्टिकोणले प्रत्येक योजनाको पोर्टफोलियो कन्सट्रक्सनको जिम्मेवारी छुट्टाछुट्टै योजना प्रबन्धकलाई तोकिनेछ । यी योजना प्रबन्धकहरुले अनुसन्धान विभागबाट प्राप्त आधारभूत विश्लेषण प्रतिवेदन (Fundamental Analysis Report) र प्राविधिक विश्लेषण प्रतिवेदन (Technical Analysis Report) को आधारमा बजारको अवस्था र योजनाको लगानी नीति हेरी

सोही अनुरुपको आवधिक लगानी योजना (Periodic Investment Plan) तयार गर्नेछन् । यसरी तयार गरिएको योजनालाई लगानीको रकमको आधारमा आवश्यकता अनुरुप सम्बन्धित लगानी व्यवस्थापन समिति (Investment Management Committee-IMC), लगानी समिति (Investment Committee-IC), अनुपालन अधिकृत (Compliance Officer), विभागिय प्रमुख, प्रमुख कार्यकारी अधिकृत, संचालक समितिसम्म पुऱ्याई आवश्यक परिमार्जन तथा स्विकृति गराई योजना प्रबन्धक मार्फत डिलरको माध्यमबाट कार्यान्वयन गरिनेछ । लगानी योजनामा बजारको आवश्यकता तथा जोखिमको आधारमा कुनै परिमार्जन गर्नु परे सोमा आवश्यक संशोधनका लागि योजना प्रबन्धकले आवश्यक कदम चाल्नेछ । यसरी तयार गरिएको आवधिक लगानी योजना म्युचुअल फण्ड सफ्टवेयरमा प्रविष्ट गरी सो अनुसार भएको कारोबारलाई समेत कारोबार भएकै दिन सफ्टवेयरमा प्रविष्टि गरिन्छ । यसरी हर योजनाको भिन्ना भिन्नै व्यवस्थापन गरी स्वार्थको द्वन्द (Conflict of Interest) को व्यवस्थापन गरिनेछ । साथै प्रत्येक योजनाको लागि भिन्ना भिन्नै लेखापरीक्षकको नियुक्ति गर्ने, योजनाको सम्पत्तिलाई योजना अनुरुप भिन्ना भिन्नै डिम्याट खाता खोली राख्ने, बैंकिङ्ग कारोबार भिन्ना भिन्नै बैंक खाता मार्फत गर्ने व्यवस्था मिलाइनेछ र योजना अनुरुपको विवरण इकाईधनीहरुको जानकारीका लागि भिन्ना भिन्नै प्रकाशित गर्ने व्यवस्था मिलाइनेछ ।

८.४ योजनाको वित्तीय प्रक्षेपण सम्बन्धी विवरण:

क. प्रक्षेपित वासालात **(रु.हजारमा)**

विवरण	वर्ष १	वर्ष २	वर्ष ३	वर्ष ४	वर्ष ५	वर्ष ६	वर्ष ७	वर्ष ८	वर्ष ९	वर्ष १०
सम्पत्ती										
लगानी	९७७,०००	१,०८८,५८६	१,१५५,८४३	८७५,६७०	८९५,०७६	९१२,३७६	८७२,६२३	८७५,६८०	७९४,४६७	९२०,९६५
बैंक मौज्दात	२७२,१२६	२५५,६१५	२७१,४८१	४६२,६५७	४२६,७९६	४६४,७५५	६१९,१२४	७०४,६७८	७९९,४१८	६८६,२३७
चालु सम्पत्ती	८,२५०	८,६९८	९,२३६	२१,४८७	३२,२५२	२३,१८३	१२,१८७	१०,९९३	११,०८७	१२,१५८
कुल सम्पत्ती	१,२५७,३७६	१,३५२,९००	१,४३६,५५९	१,३५९,८१४	१,३५४,१२५	१,४००,३१५	१,५०३,९३५	१,५९१,३५१	१,६०४,९७२	१,६१९,३६१
दायित्व										
इकाई पूँजी	१,०००,०००	१,०००,०००	१,०००,०००	१,०००,०००	१,०००,०००	१,०००,०००	१,०००,०००	१,०००,०००	१,०००,०००	१,०००,०००
जगेडा कोषहरु	२५१,३२१	३४६,४४२	४२९,७२७	३५३,३०९	३४७,६२८	३९३,६१९	४९६,७९३	५८३,८३२	५९७,३९५	६११,७२२
चालु दायित्व	६,०५६	६,४५८	६,८३२	६,५०५	६,४९७	६,६९६	७,१४२	७,५१८	७,५७७	७,६३९
कुल दायित्व	१,२५७,३७६	१,३५२,९००	१,४३६,५५९	१,३५९,८१४	१,३५४,१२५	१,४००,३१५	१,५०३,९३५	१,५९१,३५१	१,६०४,९७२	१,६१९,३६१

ख. प्रक्षेपित नाफा नोक्सान हिसाव **(रु.हजारमा)**

विवरण	वर्ष १	वर्ष २	वर्ष ३	वर्ष ४	वर्ष ५	वर्ष ६	वर्ष ७	वर्ष ८	वर्ष ९	वर्ष १०
आम्दानी										
ब्याज आम्दानी	१६,०००	१६,८६९	१७,९११	३७,०८७	५८,५८७	४१,८८०	१९,५००	२०,१०२	२०,२७३	२०,४७७
नगद लाभांश	२४,५००	२७,६७६	२९,३८६	१८,५४४	१४,४९९	२०,९४०	२५,५९४	३०,७८१	३१,०४४	२६,८७६
बोनश शेयर बिक्री	३८,५००	४३,४९१	४६,१७८	२९,१४०	२२,७८४	३२,९०५	४०,२१९	४८,३७०	४८,७८३	४२,२३४
धितोपत्र खरिद बिक्री नाफा/नोक्सान	१२६,०००	१४२,३३३	१५१,१२७	६६,२२७	५१,७८१	७४,७८५	१३१,६२५	१५८,३०१	१५९,६५४	२१५,०११
ब्याज आम्दानी (कल निक्षेपमा)	१,०००	१,०५४	१,११९	११,७७४	११,८३६	८,९७४	९,७५०	३,७६९	३,८०१	७,६७९
जम्मा आम्दानी	**२०६,०००**	**२३१,४२३**	**२४५,७२२**	**१६२,७७२**	**१५९,४८६**	**१७९,४८४**	**२२६,६८७**	**२६१,३२२**	**२६३,५५५**	**३१२,२७८**
खर्च										
कोष व्यवस्थापन शुल्क	१९,१२२	२०,५७३	२१,८४४	२०,६७८	२०,५९१	२१,२९३	२२,८६८	२४,१९६	२४,४०३	२४,६२१

सुपरिवेक्षक शुल्क (प्रतिवर्ष)	१,८००	१,८००	१,८००	१,८००	१,८००	१,८००	१,८००	१,८००	१,८००	१,८००
डिपोजीटरी शुल्क	२,५५०	२,७४३	२,९१३	२,७५७	२,७४६	२,८३९	३,०४९	३,२२६	३,२५४	३,२८३
रेटिङ्ग शुल्क	५६५	६२२	६८४	७५२	७५२	७५२	७५२	७५२	७५२	७५२
लेखापरिक्षक शुल्क	११३	११३	१२४	१२४	१३७	१३७	१३७	१३७	१३७	१३७
सुचीकरण शुल्क	८२५	१७०	१७०	१७०	१७०	१७०	१७०	१७०	१७०	१७०
योजना दर्ता शुल्क	१,०४५	–	–	–	–	–	–	–	–	–
सूचना तथा विज्ञापन	२५०	२६३	२७६	२८९	३०४	३०४	३०४	३०४	३०४	३०४
कानुनी शुल्क	५०	–	–	–	–	–	–	–	–	–
निष्काशन शुल्क	५,३६०	–	–	–	–	–	–	–	–	–
जम्मा खर्च	**३१,६७९**	**२६,२८३**	**२७,८१०**	**२६,५७१**	**२६,५००**	**२७,२९५**	**२९,०७९**	**३०,५८५**	**३०,८१९**	**३१,०६७**
सञ्चालन मुनाफा/(नोक्सान)	१७४,३२१	२०५,१४०	२१७,९११	१३६,२०१	१३२,९८७	१५२,१८९	१९७,६०८	२३०,७३७	२३२,७३६	२८१,२११
आयकर व्यवस्था	–	–	–	–	–	–	–	–	–	–
नाफा /(नोक्सान)	**१७४,३२१**	**२०५,१४०**	**२१७,९११**	**१३६,२०१**	**१३२,९८७**	**१५२,१८९**	**१९७,६०८**	**२३०,७३७**	**२३२,७३६**	**२८१,२११**
नगद लाभांश	१२०,०००	१४०,०००	१६०,०००	१३०,०००	१२०,०००	१३०,०००	१६०,०००	२२०,०००	२२०,०००	–
सञ्चालन मुनाफा/(नोक्सान)	१७४,३२१	२०५,१४०	२१७,९११	१३६,२०१	१३२,९८७	१५२,१८९	१९७,६०८	२३०,७३७	२३२,७३६	२८१,२११
सञ्चालन मुनाफा/(नोक्सान) वासलातमा सारिएको	५४,३२१	११९,४६०	१७७,३७२	१८३,५७२	१९६,५५९	२१८,७४८	२५६,३५६	२६७,०९३	२७९,८२९	५६१,०४१
लाभांश वितरण (%)	**१२%**	**१४%**	**१६%**	**१३%**	**१२%**	**१३%**	**१६%**	**२२%**	**२२%**	**०%**

ग. प्रक्षेपित नगद प्रवाह विवरण **(रु.हजारमा)**

विवरण	**वर्ष १**	**वर्ष २**	**वर्ष ३**	**वर्ष ४**	**वर्ष ५**	**वर्ष ६**	**वर्ष ७**	**वर्ष ८**	**वर्ष ९**	**वर्ष १०**
सञ्चालन गतिविधिबाट नगद प्रवाह										
आम्दानीबाट नगद प्राप्ती	२०६,०००	२३१,४२३	२४५,७२२	१६२,७७२	१५९,४८६	१७९,४८४	२२६,६८७	२६१,३२२	२६३,५५५	३१२,२७८
नगद भुक्तानी	(३१,६७९)	(२६,२८३)	(२७,८१०)	(२६,५७१)	(२६,५००)	(२७,२९५)	(२९,०७९)	(३०,५८५)	(३०,८१९)	(३१,०६७)
आयकर भुक्तानी	–	–	–	–	–	–	–	–	–	–
क्रियाशिल पूँजी समायोजन अघिको नगद प्रवाह	**१७४,३२१**	**२०५,१४०**	**२१७,९११**	**१३६,२०१**	**१३२,९८७**	**१५२,१८९**	**१९७,६०८**	**२३०,७३७**	**२३२,७३६**	**२८१,२११**
चालु सम्पत्ती (बढि)/घटि	(८,२५०)	(४४८)	(५३७)	(१२,२५१)	(१०,७६५)	९,०६९	१०,९९६	१,१९४	(९४)	(१,०७१)
चालु दायित्व बढि/(घटि)	६,०५६	४०२	३७५	(३२७)	(९)	१९९	४४६	३७६	५९	६२
कूल (क)	**१७२,१२६**	**२०५,०९४**	**२१७,७४८**	**१२३,६२२**	**१२२,२१३**	**१६१,४५७**	**२०९,०५०**	**२३२,३०८**	**२३२,७०१**	**२८०,२०२**
लगानी गतिविधिबाट नगद प्रवाह										

धितोपत्रमा लगानीमा बढि/(घटि)	(९००,०००)	(१०१,६०५)	(६१,८८३)	२२७,५५४	(२८,०७४)	(३,४९८)	७५,३१९	१३,२४६	८२,०३९	(१७३,३८३)
स्थिर सम्पत्तिमा बढि/(घटि)	-	-	-	-	-	-	-	-	-	-
कूल (ख)	**(९००,०००)**	**(१०१,६०५)**	**(६१,८८३)**	**२२७,५५४**	**(२८,०७४)**	**(३,४९८)**	**७५,३१९**	**१३,२४६**	**८२,०३९**	**(१७३,३८३)**
वित्तीय गतिविधिबाट नगद प्रवाह										
इकाई पूँजी बढि/(घटि)	१,०००,०००	-	-	-	-	-	-	-	-	-
नगद लाभांश भुक्तानी	-	(१२०,०००)	(१४०,०००)	(१६०,०००)	(१३०,०००)	(१२०,०००)	(१३०,०००)	(१६०,०००)	(२२०,०००)	(२२०,०००)
कूल (क+ख+ग)	**१,०००,०००**	**(१२०,०००)**	**(१४०,०००)**	**(१६०,०००)**	**(१३०,०००)**	**(१२०,०००)**	**(१३०,०००)**	**(१६०,०००)**	**(२२०,०००)**	**(२२०,०००)**
खुद नगद प्रवाह (क+ख+ग)	**२७२,१२६**	**(१६,५११)**	**१५,८६६**	**१९१,१७६**	**(३५,८६१)**	**३७,९५९**	**१५४,३६९**	**८५,५५४**	**९४,७४०**	**(११३,१८१)**
शुरु नगद तथा बैंक मौज्दात	-	२७२,१२६	२५५,६१५	२७१,४८१	४६२,६५७	४२६,७९६	४६४,७५५	६१९,१२४	७०४,६७८	७९९,४१८
अन्तिम नगद तथा बैंक मौज्दात	२७२,१२६	२५५,६१५	२७१,४८१	४६२,६५७	४२६,७९६	४६४,७५५	६१९,१२४	७०४,६७८	७९९,४१८	६८६,२३७
नगद तथा बैंक मौज्दात	**२७२,१२६**	**२५५,६१५**	**२७१,४८१**	**४६२,६५७**	**४२६,७९६**	**४६४,७५५**	**६१९,१२४**	**७०४,६७८**	**७९९,४१८**	**६८६,२३७**

घ. प्रति इकाइ खुद सम्पत्ति मूल्यको गणना तथा वित्तीय अनुपात सम्बन्धी विवरण

(रु.हजारमा)

विवरण	वर्ष १		वर्ष ३	वर्ष ४	वर्ष ५	वर्ष ६	वर्ष ७	वर्ष ८	वर्ष ९	वर्ष १०
लगानी	१,२४९,१२६	१,३४४,२०१	१,४२७,३२४	१,३३८,३२७	१,३२१,८७२	१,३७७,१३१	१,४९१,७४७	१,५८०,३५७	१,५९३,८८५	१,६०७,२०२
चालु सम्पत्ति	८,२५०	८,६९८	९,२३६	२१,४८७	३२,२५२	२३,१८३	१२,१८७	१०,९९३	११,०८७	१२,१५८
कुल सम्पत्ति	१,२५७,३७६	१,३५२,९००	१,४३६,५५९	१,३५९,८१४	१,३५४,१२५	१,४००,३१५	१,५०३,९३५	१,५९१,३५१	१,६०४,९७२	१,६१९,३६१
चालु दयित्व	१८८	१७९	१९३	१९७	२१३	२१३	२१३	२१३	२१३	२१३
कोष व्यवस्थापन शुल्क, सुपरिवेक्षक शुल्क तथा डिपोजीटरी शुल्कअघिको खुद सम्पत्ति मूल्य	५,८६८	६,२७९	६,६३९	६,३०९	६,२८४	६,४८३	६,९२९	७,३०५	७,३६४	७,४२६
कोष व्यवस्थापन शुल्क	४,७८०	५,१४३	५,४६१	५,१७०	५,१४८	५,३२३	५,७१७	६,०४९	६,१०१	६,१५५
सुपरिवेक्षक शुल्क	४५०	४५०	४५०	४५०	४५०	४५०	४५०	४५०	४५०	४५०
डिपोजीटरी शुल्क	६३७	६८६	७२८	६८९	६८६	७१०	७६२	८०७	८१३	८२१
खुद सम्पत्ति मुल्य	१,२५१,३२१	१,३४६,४४२	१,४२९,७२७	१,३५३,३०९	१,३४७,६२८	१,३९३,६१९	१,४९६,७९३	१,५८३,८३२	१,५९७,३९५	१,६११,७२२
इकाई संख्या	१००,०००	१००,०००	१००,०००	१००,०००	१००,०००	१००,०००	१००,०००	१००,०००	१००,०००	१००,०००

प्रति इकाई खुद सम्पत्ति मुल्य	१२.५१	१३.४६	१४.३०	१३.५३	१३.४८	१३.९४	१४.९७	१५.८४	१५.९७	१६.१२

वित्तीय प्रक्षेपणका आधारहरु :

१. योजनाको सम्पत्तिको बाँडफाँट

विवरण	वर्ष १	वर्ष २	वर्ष ३	वर्ष ४	वर्ष ५	वर्ष ६	वर्ष ७	वर्ष ८	वर्ष ९	वर्ष १०
(Fixed Return) मुद्दती निक्षेप, ऋणपत्र	२०%	२०%	२०%	३५%	४५%	३५%	२०%	२०%	२०%	२०%
साधारण शेयर र सूचिकृत धितोपत्र	७०%	७५%	७५%	४५%	३५%	५०%	६०%	७०%	७०%	६०%
माग तथा अल्प सूचनामा प्राप्त हुने रकम	१०%	५%	५%	२०%	२०%	१५%	२०%	१०%	१०%	२०%
जम्मा	**१००%**	**१००%**	**१००%**	**१००%**	**१००%**	**१००%**	**१००%**	**१००%**	**१००%**	**१००%**

माथि उल्लेखित विवरणहरु वित्तीय प्रक्षेपण तथा सो का आधारहरु सामुहिक लागानी कोष नियमावली, २०६७ को नियम ३६ को उपनियम १ र २ को लगानी क्षेत्र भित्र रहेको छ ।

२. शुल्क तथा खर्चहरु (योजना निष्काशन तथा नियमित)

- योजना दर्ता शुल्क (हाल योजनाको ०.०७५% वा न्यूनतम दश लाख रूपैयाँ): रु.१०,००,००० ।
- निष्काशन तथा बिक्री प्रबन्ध शुल्क : योजनाको ०.२५% ।
- नेपाल स्टक एक्सचेन्ज लि. मा सूचीकरण शुल्क: निवेदन दस्तुर रू १५,०००, सूचीकरण गर्ने बेला रू १,००,००० र वार्षिक नविकरण शूल्क हाल रु. ५०,००० रहेको । नियामक निकायले अन्यथा तोकेमा सोही अनुसार ।
- सिडिएस एण्ड क्लियरिङ्ग लि. मा सूचीकरण शुल्क: सूचीकरण गर्ने बेला हाल कुल योजनाको ०.०१५% र वार्षिक नविकरण शूल्क हाल रु. १,००,००० रहेको । नियामक निकायले अन्यथा तोकेमा सोही अनुसार
- लेखापरीक्षण शुल्क: पहिलो वर्ष रु. १,१३,०००/– र हरेक दुई वर्षमा पछिल्लो बर्षमा कायम शुल्कमा १०% ले बृद्धि गरिने र पाँच बर्ष पश्चात् परिवर्तन नहुने ।
- नियमित सूचना प्रकाशन शुल्क: बार्षिक रु. २,५०,०००/– र हरेक वर्ष ५ बर्षसम्म पछिल्लो कायम शुल्कमा ५% ले बृद्धि गरिने । वास्तविकतामा सो खर्च फरक पर्न सक्नेछ ।
- कानुनी परामर्श शुल्क: पहिलो वर्ष रु.५०,०००/–
- निष्काशन शुल्क सम्बन्धी विवरण :

क्र.सं.	विवरण	रकम (रु)
१	निष्काशन शुल्क ०.२५ प्रतिशत	२५,००,०००
२	विज्ञापन खर्च (टिभि, फम एम रेडियो, अनलाइन)	२५,००,०००
३	छपाइ खर्च	२,००,०००
४	बाँडफाँड खर्च	६०,०००
५	सफ्टवेयर जडान तथा Customization शुल्क	१,००,०००
	जम्मा	**५३,६०,०००**

३. प्रक्षेपित प्रतिफल

विवरण	वर्ष १	वर्ष २	वर्ष ३	वर्ष ४	वर्ष ५	वर्ष ६	वर्ष ७	वर्ष ८	वर्ष ९	वर्ष १०
निक्षेप मुद्दती/बण्ड/ऋणपत्र	८.००%	८.००%	८.००%	९.००%	११.००%	१०.००%	८.००%	८.००%	८.००%	८.००%
शेयर:	९.००%	९.००%	९.००%	९.००%	९.००%	९.००%	९.००%	९.००%	९.००%	९.००%

नगद लाभांश	३.५०%	३.५०%	३.५०%	३.५०%	३.५०%	३.५०%	३.५०%	३.५०%	३.५०%	३.५०%
बोनश शेयर	५.५०%	५.५०%	५.५०%	५.५०%	५.५०%	५.५०%	५.५०%	५.५०%	५.५०%	५.५०%
ब्याज आम्दानी : माग तथा अल्प सूचनामा प्राप्त हुने रकम	१.००%	२.००%	२.००%	५.००%	५.००%	५.००%	४.००%	३.००%	३.००%	३.००%
आर्जित पुँजिगत नाफा/ नोक्सान	३६%	३६%	३६%	२५%	२५%	२५%	३६%	३६%	३६%	४०%
आर्जित हुन बाँकी पुँजिगत नाफा/ नोक्सान	२२%	२२%	२२%	१५%	१५%	१५%	२२%	२२%	२२%	२२%

माथि उल्लेखित प्रक्षेपित प्रतिफल दर लगानी योग्य रकमका आधारमा गणना गरिनेछ । तर आर्जित पूँजी नाफा नोक्सान र आर्जित हुन बाँकी नाफा नोक्सान गणना गर्दा लगानी योग्य रकमको ५० प्रतिशत हुन आउने रकमका आधारमा गरिनेछ ।

४. पाउनुपर्ने तथा भुक्तानी गर्नुपर्ने

चालु सम्पत्ति :मार्ग तथा अल्प सूचनामा प्राप्त हुने ब्याज आम्दानी त्रैमासिक रूपमा गणना गरिएको तथा स्थिर लगानीमा प्राप्त व्याज आम्दानी अर्ध वार्षिक रूपमा गणना गरिएको ।

चालु दायित्व :योजना व्यवस्थापन शुल्क, डिपोजीटरी शुल्क तथा सुपरिवेक्षण शुल्क, सन्ड्री क्रेडिटर्स, त्रैमासिक रुपमा भुक्तानी गरिने तथा लेखापरिक्षण शुल्क, रेटिङ्ग तथा अन्य शुल्क वार्षिक रुपमा भुक्तानी गरिने ।

८.५ योजनाको खर्च सम्बन्धी विवरण

योजनाको खर्च सम्बन्धी विवरण देहाय अनुसार रहेको छ :

(क) योजना निष्काशनका लागि गरिने खर्च :

नियमावलीको व्यवस्था बमोजिम बोर्डमा योजना दर्ता गर्दा लाग्ने शुल्क, क्रेडिट रेटिङ्ग, सूचना प्रकाशन, इकाईको बाँडफाँड, योजनाको प्रचार प्रसार तथा निष्काशनसँग आवद्ध अन्य खर्च ।

(ख) योजनाको नियमित खर्च :

१. लगानी व्यवस्थापन शुल्क : योजनाको बर्षान्तमा कायम खुद सम्पत्ति मूल्यको १.५ प्रतिशत (सो को गणना बिधि नेपाल धितोपत्र बोर्डले तोके बमोजिम हुनेछ ।)
२. कोष सुपरिवेक्षक (समूह) शुल्क : प्रति बैठक रू. २०,०००/- (प्रति सुपरिवेक्षक)
३. डिपोजिटरी शुल्क: खुद सम्पत्ति मूल्यको ०.२ प्रतिशत ।
४. सूचीकरण तथा नविकरण शूल्क : नेपाल स्टक एक्सचेन्ज लि. र सिडिएससिले तोके बमोजिम ।
५. लेखा परीक्षण, प्रचलित कानून बमोजिमको सूचना प्रकाशन, कानूनी खर्च, शेयर कारोबारमा ब्रोकर कमिशन, क्रेडिट रेटिङ्ग, अन्य जानकारी तथा प्रतिवेदन प्रकाशन (वास्तविक आधारमा) ।
६. योजनाले कर तिर्नुपर्ने अवस्थामा त्यस्तो कर तथा सिडिएस (CDS) मा दर्ता शूल्क (वास्तविक आधारमा),
७. योजनासँग सम्बन्धित अन्य भैपरी आउने खर्च (वास्तविक आधारमा) ।

बोर्डले तोकेको अवस्थामा बाहेक उपर्युक्त शिर्षकका अतिरिक्त अन्य शीर्षकमा खर्च जनाईने छैन । खर्च जनाउनु पर्ने अवस्था आएमा बोर्डको पूर्व स्वीकृति लिइनेछ ।

८.६ योजनाको मुनाफा वितरणको लक्ष्य :

योजनाको लेखापरीक्षण पश्चात् आएको खुद वितरण योग्य मुनाफाको हिसाबले इकाईको अङ्कित मूल्यको आधारमा हरेक आर्थिक बर्षमा एक वा सो भन्दा बढी पटक मुनाफा वितरण गरिनेछ । सञ्चित मुनाफा (Retained Earning) पुनः लगानी गरिनेछ । मुनाफा वितरणको लक्ष्य खण्ड ८.४ (ख) मा प्रस्तुत गरिएको छ ।

८.७ लगानी तथा लाभांशका सम्बन्धमा लागु हुने कर सम्बन्धी व्यवस्था:

नेपाल सरकारले आर्थिक ऐन २०७७।०७८ बाट सामूहिक लगानी कोषलाई कर छुट संस्थामा वर्गिकरण गरेको हुँदा सामूहिक लगानी कोषको उद्देश्य अनुरुपको आयमा आयकर नलाग्ने व्यवस्था गरेको छ । योजनाले ईकाइधनीहरुलाई वितरण गरेको मुनाफामा आय कर २०५८ अनुसारको अग्रिम करकट्टी गर्नुपर्ने व्यवस्था रहेको छ । साथै यस कम्पनीको संचालनमा रहेको नबिल व्यालेन्स्ड फण्ड २ र नबिल इक्वीटी फण्डमा समेत तत्कालिन प्रचलित व्यवस्था अनुसार नै रहेको ।

८.८ योजनाका इकाईहरु अर्को योजनामा हस्तान्तरण हुने/नहुने कुरा र हुने भएमा सोको प्रक्रिया :

यस योजनाका इकाईहरु कुनै अर्को योजनामा हस्तान्तरण हुने छैनन् । योजनाको अवधि समाप्त भए पश्चात् योजनाको सम्पत्ति बिक्री गरी इकाईधनीहरुलाई समानुपातिक आधारमा वितरण गरिनेछ । इकाईधनीहरु तथा कोष सुपरिवेक्षकको सहमति, कोष प्रबर्द्धक तथा बोर्डको स्वीकृति या निर्देशनमा यस योजनालाई नयाँ योजनामा परिणत गर्न सकिनेछ । योजनालाई नयाँ योजनामा परिणत गर्ने सम्बन्धी व्यवस्था र अपनाउने प्रकृया नियमावलीको अधीनमा रही बोर्डको स्वीकृति अनुरुप हुनेछ ।

८.९ खुद सम्पत्ति मूल्य गणना तथा सोको प्रकाशन सम्बन्धी व्यवस्था:

(क) खुद सम्पत्ति मूल्य गणना गर्ने विधि :

प्रति इकाई खूद सम्पत्ति मूल्य (नेट एसेट भ्याल्यु) कायम गर्दा योजनाको मूल्याङ्कन गर्ने मितिमा कायम रहेको सम्पूर्ण सम्पत्तिलाई कुल इकाई सङ्ख्याले भाग गरी प्रति इकाई खूद सम्पत्ति मूल्य कायम गरिनेछ । खूद सम्पत्ति मूल्याङ्कन गर्ने सूत्र देहाय बमोजिम हुनेछ :

$$\text{प्रति इकाई खुद सम्पत्ति मूल्य} = \frac{\text{मूल्याङ्कन मितिमा लगानीको मूल्य + प्राप्त हुन बाँकी प्रतिफल वा आय तथा अन्य रकमहरु – तिर्न बाँकी दायित्व तथा अन्य रकमहरु (नेट वर्थ)}}{\text{मूल्याङ्कन मितिमा योजना अन्तर्गतको कुल इकाई सङ्ख्या}}$$

(ख) खुद सम्पत्ति मूल्य प्रकाशन सम्बन्धी व्यवस्था :

योजनाको इकाई बाँडफाँट भएको एक महिना भित्र योजना व्यवस्थापकले प्रथम खुद सम्पत्ति मूल्य निर्धारण गरी सार्वजनिक गर्नेछ र त्यस पछि पनि नियमावलीको व्यवस्था बमोजिम प्रत्येक हप्ताको खुद सम्पत्ति मूल्य निर्धारण गरी योजना व्यवस्थापकको वेवसाईट www.nabilinvest.com.np मा सार्वजनिक गरिनेछ ।
योजना व्यवस्थापकले योजनाले धितोपत्रमा गरेको लगानीको रकम, लगानी गरेको धितोपत्रहरुको बजार मूल्य, योजनाको आम्दानी तथा खर्चहरु, योजनाको प्रति इकाई खुद सम्पत्ति मूल्य र सो गणनाको आधार आदी सम्बन्धी विवरणहरु प्रत्येक नेपाली महिना समाप्त भएको पन्ध्र दिनभित्र कोष सुपरिवेक्षक र बोर्डलाई जानकारी गराई राष्ट्रिय स्तरको पत्रिकामा कम्तीमा एक पटक प्रकाशन गर्नेछ र सो प्रकाशित विवरण आफ्नो वेबसाईटमा समेत राख्नेछ । साथै वार्षिक रुपमा योजनाको लेखापरीक्षण गराई सो सम्बन्धी विवरण सार्वजनिक गर्नेछ ।
खुद सम्पत्ति मूल्य तथा योजनाको कार्य सम्पादन सम्बन्धी विवरण तथा जानकारी सार्वजनिक गर्ने सम्बन्धी व्यवस्था प्रचलित कानुन तथा बोर्डको निर्देशन बमोजिम हुनेछ ।

८.१० योजनामा अन्तर्निहित जोखिम तथा सोको व्यवस्थापनको लागि व्यवस्थापकको धारणा

(क) सामान्य जोखिम तत्वहरु :

(१) सामूहिक लगानी कोषमा गरिने लगानी धितोपत्र बजारको जोखिमसँग भरपर्ने हुँदा नाफा हुने तथा सहभागीले लिएको उद्देश्य पूरा हुने कुराको कुनै निश्चितता नहुने सम्बन्धमा :
सामूहिक लगानी कोष अन्तर्गत योजनाको लगानी धितोपत्र बजार लगायत अन्य विभिन्न क्षेत्रमा प्रवाह गरिने हुँदा धितोपत्र बजार तथा त्यस्तो लगानीमा निहित जोखिमले योजनाको लगानीको प्रतिफलमा प्रत्यक्ष असर पर्दछ ।

(२) धितोपत्रमा हुने लगानी जस्तै योजनाको इकाईहरुको खुद सम्पत्ति मूल्य बजार मूल्यको आधारमा घटबढ हुने सम्बन्धमा :
योजनाको खुद सम्पत्ति मूल्य योजनाले गरेको लगानीको मूल्याङ्कनबाट गणना गरिएको हुन्छ । यसको लगानीमध्ये धितोपत्र बजारमा सूचिकृत धितोपत्रहरुमा गरेको लगानीको सम्पत्ति मूल्यमा त्यस्ता धितोपत्रको मूल्यमा हुने उतार चढावले प्रभाव पार्ने हुँदा योजनाको खुद सम्पत्ति मूल्यमा समेत त्यसको प्रत्यक्ष प्रभाव रहने गर्दछ र सोही बमोजिम घटबढ हुने गर्दछ ।

(३) कोष प्रवर्द्धक, सुपरिवेक्षक वा योजना व्यवस्थापकको बिगतको कार्यले निजहरुको भविष्यको कामको लागि निर्देशन वा सङ्केत गर्दैन भन्ने सम्बन्धमा :

योजना व्यवस्थापकले बजारको विद्यमान अवस्थाको विश्लेषण गरी स्वतन्त्र रुपमा योजनाको सञ्चालन तथा व्यवस्थापन गर्ने र प्रचलित कानून बमोजिम यसको हिसाब किताब समेत छुट्टै रुपमा राख्ने र सोको नियमित रिपोर्टिङ्ग गर्ने गर्दछ । योजनाको रकम लगानी गर्दा योजना व्यवस्थापकको दक्षताले योजनाको कार्यसम्पादनको स्तर (Performance Level) निर्धारण गर्ने भए तापनि कोष प्रवर्द्धक, योजना व्यवस्थापक तथा कोष सुपरिवेक्षकको विगतको कार्यले यस योजनाको नतिजालाई सङ्केत वा निर्देशन गर्दैन ।

(४) कोष प्रवर्द्धकले योजनामा कुनै हानी नोक्सानी भएमा सोको जिम्मेवारी लिने छैन भन्ने सम्बन्धमा :
योजनाको सञ्चालन तथा व्यवस्थापन प्रचलित कानुनको अधिनमा रही योजना व्यवस्थापकले नै गर्दछ । योजनामा कुनै प्रकारको हानी नोक्सानी भएमा सोको जिम्मेवारी कोष प्रवर्द्धकले लिदैन ।

(५) यस योजनाले भविष्यमा राम्रो गर्ने र मुनाफा दिने कुराको सुनिश्चितता गर्दैन भन्ने सम्बन्धमा :
यस योजना अर्न्तगत इकाईहरु निष्काशन गरी संकलन गरिएको रकम विभिन्न क्षेत्रमा लगानी गरिन्छ । योजना व्यवस्थापकले आफ्नो दक्षताको उपयोग गरी लगानी जोखिम कम गर्ने तथा मुनाफा बृद्धि गर्ने विषयलाई दृष्टिगत गरी कोषको सुव्यवस्थापन गर्ने भएतापनि योजनाले भविष्यमा राम्रो गर्ने वा मुनाफा दिने कुराको सुनिश्चितता भने गर्दैन ।

(ख) खास जोखिम तत्वहरु :

(१) प्रस्तुत योजना निश्चित रुपमा मुनाफा फिर्ता दिने वा कुनै बैंक वा बिमाबाट मुनाफाको सुनिश्चितता भए नभएको के हो सो सम्बन्धमा :
यस योजना अन्तर्गत लगानी गर्ने लगानीकर्ताहरुले इकाईको अङ्कित मूल्यमा लगानी गरेको अनुपातमा योजनाले कमाएको खुद मुनाफाको आधारमा नगद लाभांश पाउने छन् । यस्तो लाभांश योजनाले आफ्नो लगानी बापत प्राप्त गर्ने पूँजीगत मुनाफा, व्याज, लाभांश, शेयर प्रत्याभूति कमिशन वा सम्पत्तिको मूल्य वृद्धि (Capital Gain) वा अन्य वित्तीय कारोवारबाट प्राप्त भएको आम्दानीबाट दिनेछ । प्रत्येक आर्थिक वर्षमा योजनाले खुद मुनाफाबाट लाभांश दिने निर्णय गर्नेछ । खुद मुनाफाबाट लाभांश कट्टा गरी बाँकी रहेको रकम सञ्चित मुनाफा (Retained Earning) को रुपमा रहनेछ । कुनै वर्ष योजनाको आम्दानीले लाभांश वितरण गर्न नसक्ने अवस्था आएमा सञ्चित मुनाफाबाट लाभांश दिन सकिनेछ । योजनाले हरेक वर्ष मुनाफा दिने सुनिश्चितता भने हुँदैन ।

(२) योजना अन्तर्गतको लक्ष्य प्राप्त गर्नका लागि असर पर्ने तत्वहरुमा सरकारी नीतिहरु, बजारको अवस्था, बजारलाई असर पार्ने तत्वहरु, बजारमा परिवर्तन भैरहने व्याजदर, व्यवसाय गरीने धितोपत्रको सङ्ख्या, राफसाफ गरीने पद्दति आदिले असर पार्ने सम्बन्धमा :
सामूहिक लगानी कोष सम्बन्धी कानूनी व्यवस्था तथा नीतिहरुमा कुनै परिवर्तन भएमा योजना सञ्चालन तथा सोको प्रतिफलमा समेत सोही अनुरुप असर पर्ने हुन्छ । साथै बजारको अवस्था, बजारलाई असर पार्ने तत्वहरुले समेत योजनामा असर पार्ने हुन्छ । योजनाले धितोपत्र बजारमा सूचिकृत धितोपत्रमा लगानी गर्ने र बजारको अवस्था हेरी योजनाको नाममा धितोपत्र खरीद बिक्री गर्ने हुँदा सोको राफसाफ प्रकृयाले योजनाको रकम प्राप्त गर्न लाग्ने समय निर्भर हुन्छ । ढिलो गरी रकम प्राप्त हुने अवस्थामा उक्त रकमबाट आर्जन हुन सक्ने ब्याज आम्दानीमा घटबढ हुन गई योजनाको आम्दानीमा असर पर्दछ । धितोपत्रको खरीद बिक्रीमा हुने ढिलाइले बजार जोखिम समेत आकर्षित हुन सक्दछ । साथै सामान्यतया वित्तीय क्षेत्रमा कायम हुने व्याजदर र धितोपत्रको लगानी बीच विपरित सम्बन्ध (Inverse relation) हुने हुँदा सोको असर योजनाको खुद सम्पत्ति मूल्यमा समेत पर्न सक्दछ ।

(३) रेटिङ्ग कम्पनीले दिएको रायले खुद सम्पत्ती मूल्यको स्थीरताको सुनिश्चितता नगर्ने कुरा सम्बन्धमा :
रेटिङ्ग कम्पनीले कुनै समयको विवरणको आधारमा रेटिङ्ग गर्ने हुँदा उक्त समयमा दिइएको रायले योजनाको खुद सम्पत्ति मूल्यको स्थीरताको सुनिश्चितता गर्दैन ।

(४) व्याजदर परिवर्तनबाट हुने जोखिम सम्बन्धमा :
योजनाको कुल रकममध्ये केही रकम बैंक निक्षेप तथा बण्ड/डिबेन्चरहरुमा समेत लगानी गरिने हुँदा निक्षेपमा प्राप्त हुने ब्याजदरमा परिवर्तन हुँदा योजनाको आयमा समेत असर पर्दछ । सम्पत्तिको मूल्याङ्कन (Valuation) प्रचलित व्याजदरलाई आधार मानी गरिने हुँदा प्रचलित व्याजदरमा हुने परिवर्तनले योजना अर्न्तगतको सम्पत्तिको मूल्याङ्कनमा समेत परिवर्तन हुन्छ ।

(५) योजना शुरु गर्ने बेलामा भएको खर्च तथा बार्षिक खर्च आदिले खुद सम्पत्ति मूल्यमा प्रभाव पार्ने सम्बन्धमा :
योजना अन्तर्गतका इकाईहरु बिक्रीका लागि बोर्डमा दर्ता गराउने, विवरण पुस्तिका स्वीकृत गरी बिक्री खुल्ला गर्ने, बिक्री बन्द गर्ने, बाँडफाँट गर्ने, नेपाल स्टक एक्सचेन्जमा सूचिकृत गराई दोस्रो बजारमा कारोवारको व्यवस्था गराउने, सूचीकरण

तथा वार्षिक नवीकरण गर्ने, योजनाको लेखापरीक्षण गराउने, योजनाको विज्ञापन गर्ने, कानुनी सेवा लिने, नियमावलीको व्यवस्था बमोजिम योजना सम्बन्धी सूचना प्रकाशित गर्ने आदि कार्यका लागि लाग्ने खर्चहरु योजनाको कुल सम्पत्ति मूल्यबाट कट्टा गरी योजनाको खुद सम्पत्ति मूल्य गणना गरिने हुँदा यस्ता खर्चहरुले योजनाको खुद सम्पत्ति मूल्यमा केही प्रभाव पार्दछ ।

(६) व्यालेन्सड् फन्ड सम्बन्धी जोखिममा यसका उपकरणहरुले कम्पनी र बजार दुबैका जोखिम बोकिरहेका हुन्छन् भन्ने कुरा उल्लेख गर्ने :
योजनाले व्यालेन्सड् फन्ड (इक्वीटी तथा अन्य उपकरण) मा आधारित उपकरणमा गरेको लगानीको सुरक्षा र प्रतिफल कम्पनीको अवस्था र बजारको स्थितिमा निर्भर रहने हुँदा यस्ता उपकरणहरुमा भएको लगानीमा यी दुबै किसिमका जोखिमहरु अर्न्तनिहित रहेका हन्छन् ।

(७) ऋण जोखिम भित्र अर्को पक्षको ऋण फिर्ता गर्ने क्षमता तथा इच्छामा निर्भर गर्ने कुरा जस्तो की सरकारी धितोपत्रमा कुनै जोखिम नरहने कुरा :
योजनाले सरकारी ऋणपत्रका अतिरिक्त अन्य क्षेत्रले जारी गर्ने ऋणपत्रहरुमा समेत लगानी गर्ने र यस्तो ऋणपत्रमा भएको लगानी फिर्ता हुने विषय ऋणपत्र जारी गर्नेको मनसाय र क्षमतामा समेत निर्भर रहने हुँदा यस्तो ऋणपत्रमा गरेको लगानी सरकारी ऋणपत्रमा गरेको लगानी सरह सुरक्षित र जोखिमरहित हुँदैन ।

(८) तरलता जोखिम सम्बन्धमा सो धितोपत्र कति बिक्री गर्न योग्य वा सहज छ त्यतिनै तरलता आउने बारे उल्लेख गर्ने :
योजनाले धितोपत्रमा गरेको लगानीलाई तरल सम्पत्तिमा परिणत गर्ने बिषय लगानी गरिएको धितोपत्र कै तरलतामा निर्भर रहने हुँदा योजनाको तरलतामा धितोपत्रमा भएको लगानीको जोखिम विद्यमान रहन्छ ।

(९) ब्याजदरमा हुने जोखिम यसको गतिविधिमा निर्भर गर्छ भन्ने कुरा जस्तो की सरकारले ऋण लिएमा, मुद्रा स्फीती भएमा आदि बारे :
ब्याजदरमा परिवर्तन हुने जोखिम अर्थतन्त्रमा हुने गतिविधिमा निर्भर गर्दछ । विभिन्न आर्थिक उतारचढावको असर ब्याजदरमा समेत पर्न सक्छ र यस अवस्थामा ब्याजदरको परिवर्तनबाट हुने जोखिम योजनामा समेत पर्न सक्दछ ।

(१०) पुनर्लगानी जोखिम यथावत रहने कारणमा ब्याजदरमा भएको अनिश्चितताका कारण तथा ऋणपत्रको सट्टामा कुपन प्राप्त हुने र सोही कुपन पुनर्लगानीमा प्रयोग हुने हुँदा पुर्नलगानी जोखिम बारे खुलाउने :
ऋणपत्र तथा बैंक निक्षेपमा गरेको लगानीबाट प्राप्त ब्याज आम्दानी पुन लगानी गरिने हुन्छ । यदि ब्याजदरमा परिवर्तन भएमा यसरी प्राप्त ब्याज रकम पुनर्लगानी गर्दा उत्तिकै प्रतिफल प्राप्त गर्न नसकिने जोखिम रहन सक्दछ ।

(११) योजना शुरु गर्ने बेलामा भएको खर्च तथा वार्षिक खर्च आदिले खुद सम्पत्ति मूल्यमा प्रभाव पार्ने कुरा :
योजनाको इकाईहरुको निष्काशन तथा विक्रि गर्दा लाग्ने खर्च समेत योजनाले व्यहोर्ने हुँदा सो खर्चले योजनाको खुद सम्पत्ति मूल्यमा असर पार्दछ ।

(१२) योजना अन्तर्गत लगानी गरिने विभिन्न प्रकारका धितोपत्रहरुले विभिन्न प्रकारका जोखिम बहन गर्ने कुरा जस्तो की सरकारी ऋणपत्र भन्दा व्यापारिक कम्पनीले जारी गरेका ऋणपत्रहरुमा बढी जोखिम रहने कुरा :
योजनाले विभिन्न प्रकारको धितोपत्रमा लगानी गर्ने हुन्छ । यी धितोपत्रहरुमा शेयर, अग्राधिकार शेयर, डिबेन्चर, सरकारी ऋणपत्र आदि हुन्छन् । यी धितोपत्रको प्रकृतिको आधारमा शेयरको तुलनामा अग्राधिकार शेयर त्यसपछि संस्थागत डिबेन्चर कम जोखिमपूर्ण हुन्छन् भने सरकारी ऋणपत्रलाई जोखिमरहित धितोपत्र मानिन्छ । योजनाले यस्ता धितोपत्रमा गरेको लगानीमा लगानी अनुपात अनुरुपको जोखिम रहन्छ ।

(१३) योजनाले लगानी गर्ने अन्य उपकरणहरु जस्तै डेरिभेटिप्स्, फ्युचर, अप्सन आदिमा निहित जोखिमहरु बारे उल्लेख गर्ने :
योजनाले यस्ता उपकरणहरुमा लगानी गर्ने उद्देश्य राखेको छैन । भविष्यमा यस्ता उपकरणहरुमा लगानी गर्ने अवसर उपलब्ध भएमा बोर्डको स्वीकृति लिई लगानी गर्न सकिनेछ । त्यस्तो अवस्थामा यस्ता उपकरणहरुमा निहित जोखिम तत्वको असर योजनाको जोखिम तथा प्रतिफलमा समेत पर्न सक्छ ।

(१४) योजनाको लगानी परिवर्त्य विदेशी मुद्रा वा सोमा आधारित उपकरणहरुमा लगानी गर्ने भएमा विदेशी मुद्रा विनिमय दरमा आउने परिवर्तनबाट हुने जोखिम बारे उल्लेख गर्ने :

योजनाले हाल यस प्रकारको उपकरणहरुमा लगानी गर्ने उद्देश्य राखेको छैन । यस्ता उपकरणमा लगानी गर्ने अवसर प्राप्त भएको अवस्थामा बोर्डको स्वीकृति लिई लगानी गरिनेछ । यसरी लगानी गरिएको अवस्थामा विदेशी मुद्रा परिवर्तनबाट हुने जोखिम योजना र यसको प्रतिफलमा समेत रहन्छ ।

(१५) योजनाको अवधिभर सोको मूल्य बृद्धिको अवसर रहने तर सोको बोनश नपाउने बारे :
योजनाको कार्यसम्पादनको आधारमा योजना अर्न्तगतका इकाईहरुको मूल्य बृद्धि हुने सम्भावना रहन्छ । योजनाले प्राप्त गरेको प्रतिफलको आधारमा इकाईधनीहरुलाई योजनाले नगद लाभांश वितरण गर्न सक्ने अवस्था हुन्छ । तथापि योजनाले कुनै प्रकारको बोनश भने वितरण गर्ने छैन ।

(१६) विद्यमान कोरोना भाईरसका कारण सिथिल बनेको अर्थव्यवस्थाको नकारात्मक प्रभावले पूँजी बजार पनि अछुतो रहन सक्दैन । यस भाइरसका कारण विभिन्न व्यापार व्यवसाय तथा संघ संस्थाहरु आशिंक वा पूर्ण रुपले थलिएको हुँदा सूचिकृत संस्थाहरुको व्यावसायिक बृद्धि तथा लाभांश वितरण गर्ने क्षमतामा ह्रास आउन सक्ने देखिएको हुँदा म्युचअल फण्डको आयमा कमि आई इकाइधनीहरुलाई लगानीमा प्राप्त हुने लाभांशमा समेत प्रभाव पर्ने देखिन्छ ।

विद्यमान कोभिड १९ को कारणले बर्तमान लकडाउनको अवस्थामा विद्युतिय माध्यमबाट सहजै कारोवार गर्न नसक्ने लगानीकर्ताहरुलाई दोश्रो बजारमा लगानी गर्ने सहज बातावरण मिलाउनु पर्ने देखिन्छ । अन्यथा योजनाको लगानीमा समेत अन्तर्निहित जोखिम हुनसक्ने देखिन्छ ।

(ग) जोखिम व्यवस्थापनको लागि व्यवस्थापन (कोष व्यवस्थापक) को धारणा :

योजनाको लगानीमा हुने जोखिम व्यवस्थापनका लागि योजना व्यवस्थापकबाट सदैव सचेत रही बजारमा उत्पन्न हुने जोखिमहरुको निरन्तर अध्ययन गरी जोखिम व्यवस्थापनका लागि निम्नानुसारको उपयुक्त उपाय अवलम्बन गरिएको छ ।

(१) सवल तथ्याङ्क प्रणालीको विकास गरी पर्याप्त अध्ययन अनुसन्धानका आधारमा लगानी गर्ने व्यवस्था तथा प्रकृयालाई निरन्तरता दिईएको छ । सोको निरन्तर अधावधिक गर्ने व्यवस्था समेत गरिएको छ ।

(२) धितोपत्रमा लगानी गर्नुपूर्व उक्त धितोपत्र र सम्बन्धित कम्पनीको सम्बन्धमा पर्याप्त विश्लेषण गरेर मात्र लगानी सम्बन्धी निर्णय गरिएको छ । यसका लागि विभिन्न वित्तीय विश्लेषणका लागि उपलब्ध अभ्यास तथा उपकरणहरुको उपयोग गरिएको छ ।

(३) लगानी विश्लेषणका लागि अनुसन्धान विभाग (Research Unit) रहेको छ जसमा आधारभूत बिश्लेषण प्रतिवेदन (Fundamental Analysis Report) र प्राविधिक विश्लेषण प्रतिवेदन (Technical Analysis Report) तयार गर्नको लागि व्यावसायिक विश्लेशकको व्यवस्था गरिएको छ ।

(४) बजारको अवस्था तथा जोखिम पक्षलाई ध्यानमा राखी धितोपत्रमा गरिएको लगानीलाई उपयुक्त समयमा तरल सम्पत्तिमा परिणत गर्ने तथा तरल सम्पत्तिलाई लगानीमा परिणत गर्ने प्रकिया निरन्तर अवलम्बन गरिएको छ ।

(५) लगानीमा जोखिम न्यूनीकरण गर्न र लगानीमा समयोचित प्रतिफल प्राप्त गर्न प्रत्येक लगानीमा रहेको जोखिम तथा प्रतिफलको विश्लेषण गरेर उपयुक्त जोखिम प्रतिफल अनुपातलाई दृष्टिगत गरी कम जोखिम तर राम्रो प्रतिफल हुन सक्ने देखिएका विभिन्न उपकरणहरुमा लगानी गर्ने र नियमावली तथा निर्देशिका तथा बोर्डबाट स्विकृत विवरण पुस्तिकाको अधिनमा रही सम्भव भएसम्म बढी भन्दा बढी लगानी उपकरणहरुमा लगानी गरी लगानी विविधीकरणको प्रकिया अबलम्बन गरिएको छ ।

(६) तरलता व्यवस्थापनमा सदैव उच्च सतर्कता अपनाइएको छ ।

(७) लगानी तथा जोखिम व्यवस्थापनका लागि सफ्टवेयरको उपयोग गरिएको छ जसमा बोर्डबाट स्विकृत विवरण पुस्तिकाको लगानी सम्बन्धी विवरण राखिएको छ । साथै अनुसन्धान विभाग (Research Unit) को सुझाव अनुरुप Scheme Manager ले लगानी तथा विक्रीका लागि इन्भेष्टमेन्ट बैंकिङ्ग प्रमुख तथा लेखा प्रमुखको जानकारीमा मेमोमार्फत कार्यकारी प्रमुखको स्विकृति लिएर डिलरको माध्यमबाट कारोबारको व्यवस्था गरिएको छ ।

जोखिमहरुलाई न्यून वा व्यवस्थापन गर्ने सम्बन्धमा व्यवस्थापनको आन्तरिक नियन्त्रण प्रणाली

नियमकारी निकायको अधिनमा रहि आन्तरिक नियन्त्रण प्रणालीलाई मजबुत बनाई विभिन्न जोखिमहरु व्यवस्थापन गरि योजनालाई उत्कृष्ट एवं सवल रुपमा संचालन गर्न अवलम्बन गरेका सिद्धान्त तथा अभ्यासहरु निम्न उल्लेखित छन् :

- जोखिम र प्रतिफल बीच सन्तुलन ।
- अनुशासित र संयमित जोखिम वहन ।

- अख्तियारप्राप्त समिति तथा व्यक्तिहरुको स्विकृती पश्चात् मात्र जोखिम ग्रहण तथा सो को व्यवस्थापनका लागि उचित संरचना तथा साधनहरुको उपलब्धता ।
- संस्थाको अनुसन्धान विभागको निरन्तर बजार तथा सूचिकृत कम्पनीहरुको व्यापारिक विश्लेषण, समग्र देशको अर्थतन्त्रको विश्लेषणका आधारमा अवलम्बन गरिने लगानी नीति तथा कार्यक्रमहरु ।
- भावी जोखिमहरुको पूर्वानुमान तथा जोखिमहरुको उपयुक्त जानकारी ।
- प्रतिष्पर्धात्मक क्षमता अभिवृद्धिका लागि जोखिमहरुको कुशल तथा प्रभावकारी व्यवस्थापन एवं नियन्त्रण ।
- संस्थाले निरन्तर रुपमा प्रविधि परिवर्तनबाट सिर्जित हुन सक्ने जोखिमहरुलाई मध्यनजर गरि आवश्यक तालिम तथा विज्ञहरुको सुझावहरु समय समयमा लिईरहेको ।

९ इकाई निष्काशन सम्बन्धी विवरण

९.१ इकाई बिक्री खुला गरिने मिति तथा अवधि :

यस विवरणपत्रद्वारा निष्काशन गरिएको इकाईको लागि आवेदन दिने अवधि कम्तीमा ४ कार्य दिन तथा अधिकतम १५ दिनको लागि हुनेछ । बोर्डबाट विवरण पुस्तिका स्वीकृत भएको २ महिना भित्र इकाईहरुको बिक्री खुल्ला गरिनेछ ।

९.२ आवेदन सङ्कलन केन्द्र (बिक्री केन्द्र) सम्बन्धी जानकारीः

नेपाल धितोपत्र बोर्डबाट अनुमति प्राप्त गरी आस्वा (ASBA) सेवामा सहभागी बैंक तथा वित्तीय संस्थाहरु र तिनका शाखा कार्यालयहरु साथै सिडिएस एण्ड क्लियरिङ्ग लिमिटेडद्वारा सञ्चालित मेरो शेयर (Mero Share) अनलाइन प्रणाली मार्फत पनि आवेदन गर्न सकिनेछ ।

९.३ निवेदन दिन सक्ने व्यक्ति तथा संस्थाहरु :

नियमावली एवं निर्देशिकाको अधीनमा रही नेपाली नागरिक, गैर आवसीय नेपालीको प्रमाणपत्र (परिचयपत्र) जारी भएका व्यक्ति, प्रचलित कानून बमोजिम दर्ता भएका नेपाली फर्म, संघ संस्था, कम्पनी, बैंक तथा वित्तीय संस्था, बीमा कम्पनी, अन्य निकायहरु, कुनै पनि वर्ग वा समूहले खडा गरेको कोषहरु जस्तै सञ्चयकोष, कल्याणकारी कोष, गुठी, अक्षय कोष आदिले यस विवरण पुस्तिका अनुसार जारी गरिने इकाई खरिद गर्न आवेदन दिन सक्ने ।

९.४ खरिद गर्न सकिने न्यूनतम तथा अधिकतम इकाई सङ्ख्याः

आवेदकले न्यूनतम १०० (एक सय) इकाई तथा सो भन्दा माथि १० ले भाग जाने गरी अधिकतम १ करोड ईकाइसम्म खरिदका लागि आवेदन दिन सक्नेछन् ।

९.५ इकाईको बाँडफाँट, फिर्ता भुक्तानी तथा सूचीकरण सम्बन्धी व्यवस्था :

१. योजनाको सम्पूर्ण इकाई बिक्रीका लागि निवेदन प्राप्त भएमा बिक्री खुला राख्नुपर्ने न्यूनतम अवधि व्यतित भएपछि योजना व्यवस्थापक/निष्काशन तथा बिक्री प्रबन्धकले जुनसुकै समयमा सूचना प्रकाशन गरी इकाई बिक्री बन्द गर्न सक्नेछ ।
२. बिक्री खुल्ला भएको निवेदन दिने अवधि तथा बोर्डबाट थप भएको अवधिभित्र कम्तिमा पचास प्रतिशत इकाई खरीद गर्न निवेदन प्राप्त भएमा इकाईको बाँडफाँट गरिनेछ ।
३. यस विवरण पुस्तिका अनुसार इकाई बिक्री खुल्ला अवधिसम्म पनि आह्वान गरेको न्यूनतम पचास प्रतिशत इकाई खरिद गर्नको लागि आवेदन प्राप्त नभएमा योजना खारेज गरी पन्ध्र दिनभित्र निवेदकहरुको रकम फिर्ता गरिनेछ ।
४. इकाई बाँडफाँट गर्दा यस विवरण पुस्तिकामा उल्लेखित अधिकतम सिमासम्मको मात्र इकाई बाँडफाँट गरिनेछ । तर यस विवरण पुस्तिका मार्फत निष्काशन गरिएको भन्दा बढी सङ्ख्यामा इकाई माग भएमा निष्काशन गरिएको इकाई सङ्ख्याको पच्चीस प्रतिशतसम्म थप गरी इकाई बाँडफाँट गरिनेछ ।
५. इकाईको बाँडफाँट सम्बन्धी अन्य व्यवस्था प्रचलित धितोपत्र बाँडफाँट सम्बन्धी निर्देशिका बमोजिम हुनेछ ।
६. योजनाका इकाईहरु नेपाल स्टक एक्सचेन्ज लि.मा सूचीकरण गरी दोस्रो बजारमा कारोबारको व्यवस्था मिलाइनेछ ।

९.६ आवेदन दिदाँ ध्यान दिनुपर्ने कुराहरुः

१. कुनै पनि नेपाली नागरिक, गैरआवसीय नेपालीको प्रमाणपत्र (परिचयपत्र) जारी भएका व्यक्ति, प्रचलित कानुन बमोजिम दर्ता भएका नेपाली फर्म, संघ संस्था, बैंक तथा वित्तीय सस्था, बीमा कम्पनी, कुनै पनि वर्ग वा समूहले खडा गरेको कोषहरु जस्तै सञ्चयकोष, कल्याणकारी कोष, गुठी, अक्षय कोष आदिले यस विवरण पुस्तिका अनुसार जारी गरिने इकाई खरिद गर्न आवेदन दिन योग्य हुनेछन् । यस विवरणपत्र अनुसार जारी गरिने इकाई खरिद गर्नको लागि नेपाल धितोपत्र बोर्डबाट स्वीकृती प्राप्त

आस्वा सदस्य बैंक तथा वित्तीय संस्थाहरु वा तीनका कुनै पनि शाखा कार्यालयबाट दरखास्त दिन सक्नेछन् । साथै सिडिएस एण्ड क्लियरिङ्ग लिमिटेडद्वारा सञ्चालित मेरो शेयर (Mero Share) अनलाइन प्रणाली मार्फत पनि आवेदन गर्न सकिनेछ ।

२. दरखास्तवालाले इकाई खरिदका लागि दरखास्त दिँदा "धितोपत्र निष्काशन तथा बाँडफाँड निर्देशिका, २०७४" को दफा २४ मा उल्लेख भए बमोजिम देहायका विवरणहरु स्पष्ट रुपमा दरखास्त फाराममा खुलाई आस्वा सदस्यहरुले तोकेको ढाँचामा दरखास्त आवेदन दिनु पर्नेछ ।
   (क) आवेदन फाराममा आवेदकको नाम थर नेपाली/अंग्रेजीमा उल्लेख गर्नु पर्ने ।
   (ख) आवेदन दिंदा शेयर जारी गर्ने कम्पनीको नाम, आवेदन गरिएको संख्या, रकम स्पष्ट बुझिने गरि उल्लेख गर्नुपर्ने ।
   (ग) आफ्नो बैंक खाता र हितग्राही खाता नम्बर सहि/स्पष्ट उल्लेख गरिनुपर्ने ।
   (घ) आवेदकले आफु स्वयंको हितग्राही खाता नम्बर उल्लेख गर्नुपर्ने ।
   (ङ) आवेदन गरेको निस्सा/प्रमाण, सम्बन्धीत संकलन केन्द्र (सि-आश्वा सदस्य बैंक तथा वित्तीय संस्था) संग अनिवार्य लिनुपर्ने ।
   (च) बैंक खाता रोक्का भए/नभएको यकिन गर्नुपर्ने ।
   (छ) एक व्यक्ति वा संस्थाले आफूले खरिद गर्न चाहेको इकाईको लागि एक भन्दा बढी दरखास्त दिने पाइने छैन । यदि एक व्यक्ति वा संस्थाको नाममा एक भन्दा बढी आवेदन प्राप्त हुन आएमा सम्पूर्ण दरखास्तलाई रद्द गरिनेछ ।
   (ज) रितपूर्वक प्राप्त नभएको दरखास्त फारमलाई इकाईको बाँडफाँटमा समावेश गरिने छैन र सो को जिम्मेवार दरखास्तवाला स्वयं हुनेछ ।

३. यस योजना खरिद गर्ने योजनाका इकाइधनीहरुले कोष प्रवर्द्धक तथा योजना व्यवस्थापकको कनै पनि निर्णय प्रक्रियामा सहभागिता जनाउन पाउने छैनन् । साथै विद्यमान व्यवस्था अनुसार यो योजनाले आफुले शेयर खरिद गरेको संस्थाको संचालकको निर्वाचनमा उम्मेदवारी दिने, समर्थन जनाउने, प्रोक्सी दिने र मतदान गर्न सक्ने छैन । तर ईकाइधनीहरु योजनाबाट प्राप्त हुने प्रतिफल लिन योग्य हुनेछन् ।

४. कोष प्रवर्द्धक तथा योजना व्यवस्थापकको प्रबन्धपत्र तथा नियमावली कार्यालय समयभित्र योजना व्यवस्थापकको कार्यालयमा उपस्थित भई हेर्न सकिनेछ ।

५. धितोपत्र खरिदको लागि दरखास्त दिंदाको अवस्थामा वा दरखास्त दिई सकेपछि खरिद गरेको इकाई बापतको रकम भुक्तानी नहुदै प्रचलित कानून बमोजिम अधिकार प्राप्त अधिकारी वा निकायबाट लगानीकर्ताको खाता रोक्का राख्ने आदेश प्राप्त भएमा निष्काशन तथा बिक्री प्रबन्धकले त्यस्तो दरखास्त फारामलाई रद्द गरिने हुंदा सो कुराको जानकारी आवेदकले बुझ्नु हुन ।

६. योजनाको इकाई खरिदका लागि आवेदन दिँदा आवेदन फाराममा आफुले लिन चाहेको इकाई संख्या तथा रकम स्पष्ट रुपमा भरी बुझाउनु पर्दछ । योजनाका इकाईहरु खरीद गर्दा न्यूनतम १०० इकाई तथा सो भन्दा माथि १० को गुणांकमा अधिकतम १ करोड ईकाइसम्म (कुल निष्काशनको अधिकतम १० प्रतिशत भन्दा बढी लिन नसकिने) खरिद गर्न सकिनेछ । आवेदन फारामसाथ आवेदन बापतको शत् प्रतिशत रकम भुक्तानी गर्नुपर्नेछ ।

७. नेपाल धितोपत्र बोर्डबाट सहभागी बैंकको अनुमति प्राप्त बैंक तथा वित्तिय संस्थामध्ये आफ्नो खाता रहेको बैंक वित्तिय संस्थाबाट सी-आस्वा (C-ASBA) प्रणाली अर्न्तगत मात्र आवेदन गर्न सकिनेछ । सहभागी बैंकहरुले रु. ५,००,०००/– भन्दा बढी दरखास्त दिने आवेदकको प्यान नं. रहेको तथा आवेदन बापत जम्मा गरेको रकम सम्पत्ति शुद्धिकरण ऐनको वर्खिलाप हुने गरि आर्जन नगरेको भनि उद्घोषण गरेको यकिन गर्नुपर्नेछ ।

८. सिडिएस एण्ड क्लियरिङ्ग लिमिटेडबाट उपलब्ध गराईएको "मेरो शेयर" सफ्टवेयरबाट पनि आवेदकले आवेदन गर्न सक्नेछन् । त्यसका लागि आवेदकले आफ्नो हितग्राही खातामा बैंक खाताको विवरण उल्लेख गरिसकेको हुनुपर्नेछ र सम्बन्धित बैंक तथा वित्तीय संस्थाबाट CRN नं. लिईसकेको हुनुपर्नेछ ।

९. बिक्री प्रस्तावमा उल्लेख गरिएका बाहेक अरु कसैले पनि योजना बारे विज्ञापन गर्न, जानकारी उपलब्ध गराउन वा प्रतिनिधित्व गर्न नपानउने हुँदा लगानीकर्ताले सो कुराको यकिन हुनुपर्नेछ ।

१०. आवेदकले विवरण पुस्तिका राम्रोसँग अध्ययन गरेर मात्र आवदेन दिनु उपयुक्त हुन्छ ।

१० इकाईधनी (योजनाका सहभागी) लाई प्राप्त हुने अधिकार तथा सेवा

इकाईधनी (योजनाका सहभागी) लाई प्राप्त हुने अधिकार

(क) योजनाको लगानी नीति, उद्देश्य तथा वित्तीय अवस्था बारे जानकारी प्राप्त गर्ने ।

(ख) योजनाले वितरण गरेको प्रतिफल प्राप्त गर्ने ।

(ग) योजना अन्तर्गतका आफ्ना नाममा रहेका इकाईहरु आफ्नो सम्पत्ति सरह दोस्रो बजारमा बिक्री गर्ने तथा दोस्रो बजारमा खरिद गरिएका इकाईहरु आफ्नो नाममा नामसारी गराउने ।

(घ) योजना व्यवस्थापकको कार्यसम्पादन सम्बन्धमा वा योजना खारेजीका सम्बन्धमा आफ्नो मत राख्ने ।

(ङ) योजना सञ्चालन सम्बन्धमा कुनै गुनासो भए योजना व्यवस्थापक, कोष सुपरिवेक्षक तथा बोर्डमा गुनासा राखी समाधान गराउने ।

(च) योजनाको कार्यसम्पादनसँग सम्बन्धित खुद सम्पत्ति मूल्य, लगानीको अवस्था तथा योजनाको वित्तीय विवरण नियमावलीले व्यवस्था गरे बमोजिम प्राप्त गर्ने ।

(छ) योजना व्यवस्थापकले वितरण गर्ने नगद लाभांश र योजना परिपक्क वापतको रकम इकाई वाहकको डिम्याट खातामा रहेको बैंक खातामा IPS मार्फत सिधै पठाउने व्यवस्था गर्ने ।

इकाईधनी (योजनाका सहभागी) लाई प्राप्त हुने सेवा

(क) खरिद गरेको योजनाको इकाईलाई इकाईधनीले उपलब्ध गराएको हितग्राही खातामा (Demat) जम्मा गरिने व्यवस्था मिलाइनेछ ।

११ गुनासो सुन्ने र समाधान गर्ने प्रकिया

योजना निष्काशनका वखत उत्पन्न हुन सक्ने गुनासाहरुलाई सम्बन्धित सि-आश्वा सदस्य बैंक तथा वित्तीय संस्था तथा योजना व्यवस्थापकको कार्यालयबाट समाधान गर्ने व्यवस्था मिलाइनेछ । साथै योजना व्यवस्थापकले योजना सञ्चालनको क्रममा सहभागीहरुको बीचमा वा योजना र सहभागीहरुका बीचमा कुनै विवाद उठेमा त्यसको समाधानका लागि योजना व्यवस्थापकको मर्चेन्ट बैंकिङ्ग प्रमुख नियम पालना अधिकृतको रुपमा नियुक्त गरिएको छ । नियम पालना अधिकृतले प्राप्त गुनासा सुन्ने, सोको समाधानका उपायहरु पहिचान गर्ने र सामान्य प्रकारका गुनासाहरुलाई कानुन सम्मत तरिकाले आफ्नै तहबाट समाधान गर्नेछ । यसरी समाधान हुन नसक्ने तथा जटिल प्रकृतिका गुनासा प्राप्त भएमा सम्भव भएसम्म योजना व्यवस्थापकबाट र सम्भव नभएमा कोष सुपरिवेक्षक समक्ष राखी सोको समाधान गरिनेछ ।

निष्काशित धितोपत्र सम्बन्धी लगानीकर्ताहरुको गुनासो तथा सुझाव सुन्न तथा सोको समाधानका लागि धितोपत्र निष्काशन तथा बिक्री प्रवन्धक नबिल इन्भेष्टमेन्ट बैंकिङ्ग लिमिटेड, नक्साल, काठमाडौंमा ०१४४११६०४ मा सम्पर्क गर्न सकिनेछ ।

निष्काशन बैंकहरु :

यस निष्काशनको लागि निष्काशन बैक नियुक्त गरिएको छैन तर आवश्यकता अनुसार निष्काशन बन्द भएको तीन दिनभित्र बोर्डलाई जानकारी दिई "क" बर्गका बाणिज्य बैंकहरुलाई निष्काशन बैंकको रुपमा नियुक्त गर्न सकिनेछ ।

१२. योजना व्यवस्थापकको प्रतिबद्धता-पत्र (ड्यु डेलिजेन्स सर्टिफिकेट) :

NABIL® INVEST
(A Subsidiary of Nabil Bank Ltd.)

Nabil Investment Banking Limited
3rd Floor, Central Plaza,Narayanchaur
Naxal, Kathmandu, Nepal
Tel : +977-1-4411604
+977-1-4411733
Fax : +977-1-4410554
E-mail : info@nabilinvest.com.np
Web : www.nabilinvest.com.np

मिति : २०७७/११/२५

श्री नेपाल धितोपत्र बोर्ड
खुमलटार, ललितपुर ।

नेपाल धितोपत्र बोर्ड २०७० ललितपुर

महाशय,

विषय : प्रतिबद्धता पत्र ।

यस नबिल इन्भेष्टमेण्ट बैंकिङ्ग लिमिटेडले नबिल म्युचुअल फण्ड अन्तर्गत नबिल ब्यालेन्सड् फण्ड ३ को इकाई निष्काशन तथा बिक्री गर्ने प्रयोजनका लागि तयार गरेको विवरण पुस्तिकाका सम्बन्धमा यस कम्पनीको तर्फबाट देहाय अनुसारको प्रतिबद्धता पेश गर्दछु ।

१. इकाई बिक्री प्रस्ताव प्रचलित धितोपत्र सम्बन्धी ऐन, २०६३, सामूहिक लगानी कोष नियमावली, २०६७ तथा सामूहिक लगानी कोष सम्बन्धी निर्देशिका, २०६९ बमोजिम अगाडि बढाईएको हो ।

२. योजना शुरु गर्न आवश्यक सबै कानूनी प्रावधान, सरकार तथा अन्य नियामक निकायबाट जारी निर्देशनहरुको पालना गरिएको छ ।

३. विवरण पुस्तिकामा खुलाइएका विवरणहरु सहभागीलाई प्रस्तावित नयाँ योजनामा लगानी गर्न सत्य तथा पर्याप्त रहेका छन् ।

NABIL INVEST NAXAL KATHMANDU

मनिष नारायण जोशी
प्रमुख कार्यकारी अधिकृत

१३. **यस विवरण पुस्तिकामा प्रकाशित तथ्य तथा विवरणहरु ठीक दुरुस्त छन्, सोमा कुनै फरक परेमा हामी सञ्चालकहरु पूर्ण रुपमा जिम्मेवार हुनेछौं भनी सही छाप गर्ने सञ्चालकहरुको नाम तथा दस्तखत :**

क्र.सं.	सञ्चालकहरुको नाम	पद	दस्तखत
१	श्री वरुण चौधरी (सि.जि. फिन्को लि. को तर्फबाट)	अध्यक्ष	
२	श्री आदर्श बजगाई (नविल बैंक लि. को तर्फबाट)	उपाध्यक्ष	
३	श्री गणेश प्रसाद अवस्ती (नविल बैंक लि. को तर्फबाट)	सञ्चालक	
४	श्री सञ्जय पोखरेल (सि.जि. फिन्को लि. को तर्फबाट)	सञ्चालक	
५	श्री भरत अधिकारी (स्वतन्त्र सँचालक)	सञ्चालक	
६	श्री शंकर प्रसाद पाण्डे (स्वतन्त्र सञ्चालक)	सञ्चालक	